# अध्याय एक

## १.१ अध्ययन पृष्ठभूमि परिचय

नेपाल एक बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहु धार्मिक विशेषता भएको देश हो । प्राकृतिक बनोटको दृष्टिकोणले उत्तरी सिमानामा गगनचुम्बी हिमालहरु, दक्षिणमा समथल मैदान र उत्तर दक्षिणको मध्य भागमा पहाडी श्रृङ्खला रहेको नेपाल परापूर्वकालदेखि ऋषिमुनीहरुको तपोभूमि र वीरहरुको वीरताले भरिएको आकर्षण केन्द्रको रुपमा रहिआएको छ । उष्णदेखि शितोष्ण सम्मको हावापानी भएका भौगोलिक स्थानहरु बोकेको नेपालले विविध जातजाति, धर्म, संस्कृति, भाषा, भेषभूषा, रहनसहन तथा रीतिरिवाज भएका मानिसहरुलाई पनि आश्रय दिइरहेको छ । यसरी विविधता नै विविधताले भरिपूर्ण नेपालले विश्वको सम्पूर्ण भू-भाग मध्ये ०.०३ प्रतिशत र एशियाको ०.३ प्रतिशत मात्र भू-भाग ओगटेको छ । विश्वका सबभन्दा अग्ला डेढ दर्जन भन्दा बढी शिखरहरु यही रहेका छन् । त्यस्तै संसारमा नै दुर्लभ मानिने प्राणीहरु तथा वनस्पतिहरु पनि दर्जनौको संख्यामा रहेका छन् ।

नेपालमा सन १९५० भन्दा अगाडि यहाँका जाति तथा जनजातिहरुको बारेमा खासै अध्ययन भएको पाइँदैन । सन १९५० भन्दा अगाडि केही विदेशीहरु, ब्रिटीश दुत, समन्वयकर्ता तथा धर्म प्रचारक र व्यापारीहरुले लेखेका नेपाल सम्बन्धि कितावहरुमा नै सिमित रहेको थियो तर राणा शासन पतनसँगै नेपालले लिएको खुल्ला वैदेशिक नीतिको अङ्गीकार पछि नेपालमा धेरै विदेशी तथा स्वदेशी विद्वानहरुले नेपालका विभिन्न ठाउँमा बसोबास गर्ने जाति र जनजातिहरु सम्बन्धित धेरै अध्ययन तथा अनुसन्धान गरेको पाइँन्छ । नेपालको पूर्वी भागदेखि पश्चिम तथा दक्षिण सबै भागमा छरिएर रहेका ब्राह्मण जातिको बारेमा भने समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन अनुसन्धान कमै भएको पाइन्छ ।

नेपालमा बसोबास गर्ने जातिहरुमा ककेसस अर्थात खस सम्प्रदायको आर्यहरु प्रमुख मानिन्छ । आर्यहरु नेपालका पुराना बासिन्दामा पर्दछन् । इसा पूर्वको ३,००० वर्ष पहिलेदेखि यिनीहरु युरोपबाट पश्चिम एशिया र अफगानीस्तानबाट सिन्धु नदी पार गर्दै पञ्जाब र गंगाको मैदानतिरबाट नेपाल आइपुगेका थिए ।

बाह्रौ शताब्दीमा मुसलमानहरुको हमलापछि यिनीहरु पहाडतिर पुगेका थिए । तसर्थ इतिहासले देखाउँदा यसै खस समुदायमा पर्ने एक समुह नेपालका ब्राह्मणहरु हुन् भन्ने विश्वास गरिन्छ ।

नेपाली समाजमा ब्राह्मणहरु विभिन्न थर गोत्र र प्रवरमा बाडिएर रहेका छन् । तिनीहरु पहिले खस क्षेत्री नै तर पछि विश्वामित्रको प्रतापले ब्राह्मण भएका हुन् भनिन्छ । यस गाउँमा बसोबास गर्ने ब्राह्मणहरु मध्ये थोरै मात्र उपाध्याय ब्राह्मण रहेका छन् । उनीहरु मध्ये पनि पुरोहितको कार्य गर्ने केही घर मात्र रहेका छन् । अन्य जैसी ब्राह्मणहरु भएकाले मुख्य पेशाको रुपमा कृषि नै अपनाएको देखिन्छ ।

किराँत वंशभन्दा पहिले नेपालमा निप वा नेप जातिको रुपमा आविरहरुको शासन थियो र सम्भवत तिनीहरु हिन्दुस्तानबाट नेपाल प्रवेश गरेका थिए । तिनीहरु आर्य जाति कै शाखा थिए ।

ब्राह्मण क्षेत्रीहरुको मातृभाषा देवनागरीमा लिपीको संस्कृत भाषाको सन्तान हो । यो भाषा नेपाल एकीकरण सँगै सबैतिर फैलियो । खस भाषालाई पछि कालान्तरमा नेपाली भाषा भनिन्छ । यो भाषा नेपालको राष्ट्रभाषा हो भने बहुजातिय बसोबास भएको नेपालमा अन्य जाति तथा जनजातिहरुको सम्पर्क भाषाको रुपमा रहेको छ ।

सन २००१ को जनगणनामा पहाडीया ब्राह्मणको संख्या २८,९६,४७७ रहेको थियो । यो संख्या सन २०११ सम्ममा बढेर ३२,२६,९०३ पुगेको देखिन्छ । विगत दश वर्षमा यिनीहरुको संख्या ३,३०,४२६ ले बढेको छ भने प्रतिशतमा १२.२ प्रतिशत रहेको देखिन्छ ।

काभ्रेपलाञ्चोक जिल्लाको अनैकोट गा.वि.स. मा दाहाल, कोइराला, खतिवडा, बजगाईं, सापकोटा, थर भएका ब्राह्मणहरुको लामो समयदेखि बसोबास रहदै आएको छ । आधुनिकीकरणसँगै भित्रिएको पश्चिमीकरणले आफ्नो मौलिक संस्कृति तथा परम्परा ह्रास हुँदै गइरहेको छ । सदरमुकामबाट नजिक भएतापनि ब्राह्मण जातिको समाजशास्त्रीय दृष्टिकोणले गहन अध्ययन भएको पाइँदैन ।

### १.२ समस्याको कथन

नेपाल एक बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक र बहु धार्मिक देश हो । जुनसुकै जाति तथा जनजातिहरुको आफ्नै मौलिक भाषा, धर्म संस्कृति तथा परम्परा रहेको छ । यी विविध परम्पराहरु, संस्कृतिहरु, धर्महरु र भाषाहरु बोकेका जाति तथा जनजातिहरु एक

अर्कामा सुमधुर सम्बन्ध राख्दै सहिष्णुताको भावनाबाट एकिकृत भएका छन् । तापनि समानुपातिक विकासको अभावले गर्दा केही जातिहरु पछाडि परेका छन् । जात, धर्म सँगै भौगोलिक क्षेत्र, पेशा व्यवसाय तथा परम्परागत सामाजिक मूल्य मान्यता र विश्वासका कारणले पनि केही पछाडि परेका देखिन्छ । नेपालमा प्राचीन कालदेखि नै बसोबास गर्दै आएका जातिहरु मध्ये ब्राह्मण जाति एक हो । शिक्षा र आधुनिकीकरण प्रक्रियाले गर्दा यस जातिको सामाजिक सांस्कृतिक पक्षहरुमा पनि धेरै परिवर्तन देखिएका छन् ।

काभ्रेपलाञ्चोक जिल्लाको अनैकोट गा.वि.स. वडा नं. १ मा अवस्थित दाहालगाउँ गाउँमा बसोबास गर्ने ब्राह्मण जातिहरुको आफ्नै मौलिक संस्कृति, परम्परा, भाषा, धर्म आदि रहेका छन् । जिल्ला सदरमुकाम धुलिखेल र पाँचखालबाट प्रभावित क्षेत्रमा बसोास गर्दै आएका हुनाले यिनीहरुको आफ्नो मौलिक संस्कृति तथा परम्परा क्रमशः परिवर्तन हुँदै गएका छन् । आज पनि विकासका प्रमुख पक्षहरुमा यो क्षेत्र पछाडि नै रहेको देखिन्छ । समग्र राष्ट्रको विकास गर्नका निमित्त यहाँ बसोबास गर्दै रहेका सबै जात जातिहरुको विकास हुन जरुरी छ । त्यसैले पछाडि परेका क्षेत्र तथा सम्प्रदायहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षहरुको राम्रोसँग अनुसन्धान तथा अध्ययन गरी उपयुक्त नितीहरु तथा योजनाहरु बनाई विकासको मूलप्रवाहमा ल्याउन सकेको अवस्थामा समग्र राष्ट्र नै अगाडि बढ्न सक्छ । विकासको मूलप्रवाहमा सबैलाई ल्याउनुको साथसाथै संस्कृति तथा संस्कारहरुको संरक्षण पनि आवश्यक हुन्छ । जुन राष्ट्रकै एक पहिचान गराउने सम्पत्ति पनि हो ।

यस शोध कार्यले निम्न प्रकारका प्रश्नहरुको उत्तर खोतल्ने प्रयास गरेको छ ।

® ग्रामिण क्षेत्रका ब्राह्मणहरुको सामाजिक-सांस्कृतिक अवस्था कस्तो छ ?

® उनीहरुको जीविकोपार्जनका साधन तथा स्रोतहरु के-के हुन् ?

® ब्राह्मणहरुले परिवर्तित सन्दर्भमा आफ्नो मौलिक संस्कृतिलाई कत्तिको परिमार्जन गर्दैछन् ?

® आधुनिकविकासले उनीहरुको जीवनमा कस्तो प्रभाव पारेको छ ?

® शिक्षाको स्तर कस्तो छ ?

® महिलाहरुको अवस्था कस्तो छ ?

### १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य काभ्रेपलाञ्चोक जिल्ला अनैकोट गा.वि.स. वडा नं. १ मा अवस्थित दाहाल गाउँमा बसोबास गर्ने ब्राह्मण जातिका विविध पक्षहरुसँग सम्बन्धित जानकारी प्राप्त गर्नु हो । यस अध्ययनका मुख्य उद्देश्यहरु निम्न हुनेछन् ।

® सामाजिक-सांस्कृतिक अवस्थाको चर्चा गर्नु ।

® आर्थिक अवस्थाको वर्णन गर्नु ।

® परम्परागत संस्कृति र व्यवसायमा आएको परिवर्तनलाई प्रकाश पार्नु ।

### १.४ अनुसन्धानको महत्व

नेपाल गाउँ नै गाउँले भरिएको देश हो । यहाँका गाउँहरुमा विविध किसिमका धर्म, संस्कृति, भाषा, परम्परा आदि बोकेका १०० भन्दा बढी किसिमका जाति तथा जनजातिहरुले बसोबास गर्दछन् । आधुनिक नेपालका संस्थापक पृथ्वीनारायण शाहले दिएको नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो भन्ने उक्तिबाट नै नेपाल जाति/जनजातिहरुको विविधताले भरिपूर्ण मुलुक हो भन्ने कुरा प्रष्ट हुन्छ । सन २०११ को जनगणनाले पनि नेपालमा बसोबास गर्ने जाति जनजातिहरुको संख्या १२५ रहेको तथ्याङ्कबाट प्रष्ट हुन्छ । आफ्नै मौलिक परम्परा, संस्कृति तथा धर्म बोकेका प्रचीन कालदेखि बसोबास गर्दै आएका जातिहरु मध्ये ब्राह्मण जाति एक प्रमुख जाति हो । यिनीहरुको संस्कृतिलाई अझ मजबुद पार्दै सामाजिक एकीकरणका लागि आवश्यक कार्य गर्न सकिएमा अन्य जातिको विकासमा पनि यसले सकारात्मक भूमिका खेल्न सक्छ ।

राजधानी नजिकको क्षेत्रमा बसोबास गर्दै आए तापनि शैक्षिक, आर्थिक तथा स्वास्थ्यका क्षेत्रमा यस क्षेत्रका ब्राह्मणहरुको अवस्थामा खासै सुधार हुन सकेको छैन । आधुनिकीकरण सँगसँगै भित्रिएको पश्चिमीकरणले यस ठाउँमा अवस्थित ब्राह्मण जातिको सांस्कृतिक पक्षमा भने धेरै परिवर्तन ल्याइदिएको देखिन्छ । यस अध्ययनले दाहाल गाउँमा बसोबास गर्ने ब्राह्मणहरुको सामाजिक, सांस्कृतिक, आर्थिक तथा परिवर्तनको स्थितिबारे वास्तविक तथ्यहरु प्रकाश पारी उनीहरुलाई विकासको मूलप्रवाहमा अगाडि बढाउन आवश्यक सुझावहरु पनि पेश गर्ने हुँदा सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरुलाई सहयोग पुग्नेछ । त्यसैगरी नेपाली ग्रामिण समुदायको अध्ययन गर्न इच्छुक स्वदेशी तथा विदेशी शिक्षक, अनुसन्धानकर्ता, संघसंस्थाहरुलाई पनि थोरै भएपनि सहयोग गर्नेछ । ग्रामिण समाजको समाजशास्त्रीय अध्ययन अनुसन्धानमा सानो सहयोग पुऱ्याउन सक्नेछ ।

## १.५ अध्ययनको सङ्गठन

अध्ययनलाई सजिलोसँग बुझ्नको निमित्त विभिन्न अध्यायहरुमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

अध्याय एकमा अध्ययनको परिचय, समस्याको कथन, उद्देश्य तथा महत्व र अध्ययनको सङ्गठनलाई समायोजन गरिएको छ ।

अध्याय दुईमा अध्ययनसँग सम्बन्धित विभिन्न साहित्य तथा कृतिहरुको पुनरावलोकन गरिएको छ ।

अध्याय तीनमा अध्ययनको सिलसिलामा प्रयोग गरिएका विभिन्न अनुसन्धान विधि, तथ्याङ्क सङ्कलन विधि जस्ता कुराहरुलाई प्रस्तुत गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको परिचय दिइएको छ ।

त्यसरी नै अध्याय पाँचमा ब्राह्मण जातिको विविध सामाजिक सांस्कृतिक पक्षहरुलाई उल्लेख गरिएको छ र अध्याय छ मा ब्राह्मणहरुको आर्थिक पक्षका विभिन्न पाटाहरु प्रस्तुत गरिएको छ । अन्तिम तथा सातौं अध्यायमा सारांश, निष्कर्ष र सुझावहरु पेश गरिएको छ ।

# अध्याय दुई
# सन्दर्भ साहित्यको अध्ययन

यस अध्यायमा अध्ययनसँग सम्बन्धित रहेका विभिन्न पुस्तक, लेख, अनुसन्धान, प्रतिवेदन आदि जस्ता कृतिहरुको अध्ययन गरिएको छ ।

## २.१ सैद्धान्तिक पुनरावलोकन

ईसापूर्व तृतीय सहस्राब्दीदेखि लिएर ईसापूर्व प्रथम सहस्राब्दीको मध्य सम्म मध्य एसियामा अफनास, अन्द्रोन, करासुक र मिनिसुन नामक जातिहरु बसोबास गर्दथे । तिनैका सन्तान पछि आएर खस जाति कहलाए । ईसापूर्व द्वितीय शताब्दीमा युइशि नामको यायावर जनजातिले खसहरु माथि आक्रमण गऱ्यो जसबाट खसहरु मध्य एसिया छोड्न बाध्य भए र ईसापूर्वको प्रथम शताब्दीको अन्त्यमा उनीहरु गान्धार, पञ्जाब, मधुरा र दक्षिणमा महाराष्ट्र सम्मको भू-भागमा फैलिए । नेपालका पश्चिम हिमाली क्षेत्रमा खस जातिका मानिसहरुको बसोबास रहेको पाइन्छ । जुम्ला, हुम्ला, मुगु, दैलेख, जाजरकोट क्षेत्रतिर खसहरुको शासन चलेको थियो । पश्चिम नेपालबाट खसहरु प्रायः सबै क्षेत्रसम्म फैलिसकेका छन् ।

नेपालमा ब्राह्मणहरुको आगमन प्राचिन कालदेखि भएको देखिन्छ । ईसापूर्वको द्वितीय सहस्राब्दीका आसपास उत्तर-पश्चिम दिशाबाट हिन्दकुश पर्वत श्रृङ्खला पार गरी जुन जाति आएर यहाँका आदिवासीहरु माथि विजय प्राप्त गरी सप्त सिन्धुदेखि जमुनाको पश्चिम भागसम्म फैलिएर बस्यो त्यस जातिलाई आर्य भन्न थालियो । यसरी प्रवेश गरेका आर्य समूहमा 'भरतजन' निकै प्रसिद्ध मानिन्छ । यस्ता समूहमा केही बुद्धिजीवी हुन्थे जसलाई ऋषि भनिन्थ्यो । ऋषिहरु पुरोहितको काम पनि गर्दथे । पुरोहितहरुका रचना वा सङ्ग्रहलाई ऋग्वेद भनिन्छ । पछि अन्य वेदहरु पनि बनेका थिए । त्यस समयका ऋषिहरु मध्ये भारद्वाज सबभन्दा प्रभावशाली थिए । यिनै भारद्वाजका सन्तानहरु नेपालको पश्चिम पहाडी क्षेत्रबाट नेपालमा प्रवेश गरेका थिए । आजको खस, ब्राह्मण, क्षेत्री भनेर चिनिनेहरु कै सन्तानहरु पनि छन् । इसाको एघारौं बाह्रौ शताब्दीतिर ब्राह्मणहरु कुमाउ र गडवालबाट नेपालको पश्चिमी पहाडी भागमा प्रवेश गरेर भारतको बङ्गाल, असाम, नागालेज र मिजोरसम्म पुगेका थिए । वर्तमान समयमा पनि एक ठाउँबाट अर्को ठाउँमा स्थायी र अस्थायी रुपमा बसोबास गर्ने मानिसहरु मध्ये ब्राह्मण नै अग्रस्थानमा देखिन्छन् ।

ब्राह्मणहरु प्राचिन कालदेखि नै हिन्दु धर्मका अनुयायीहरु हुन् । यिनीहरुको सामाजिक-सांस्कृतिक पक्ष हिन्दु धर्म दर्शन र संस्कृतिबाट प्रभावित रहेको छ । नेपालको सन्दर्भमा ब्राह्मणहरुको सामाजिक-सांस्कृतिक पक्ष अन्यको भन्दा पृथक र विशिष्ट रहेको देखिन्छ । सामाजिक जीवनस्तर पनि सवल नै रहेको छ । हिन्दु धर्म संस्कृति अनुसारको जन्म, बिवाह र मृत्यु संस्कारहरु पूरा गर्दछन् । नेपाली समाजमा रहेको जात भात र छुवाछुतको परम्परा हिन्दु परम्परा भएता पनि यसमा क्रमिक परिवर्तन भइरहेको छ । ब्राह्मणहरु समाजका उच्च जात र सामाजिक वर्गमा पर्ने भएकाले यिनीहरुको संस्कृतिको प्रभाव अन्य जनजाति समूहहरुमा पनि परेको देखिन्छ । पर संस्कृति ग्रहण प्रक्रिया र आधुनिकीकरणसँगै भित्रिएको पश्चिमी संस्कृतिको प्रभाव पनि केही मात्रामा पर्न थालेको देखिन्छ ।

परम्परागत मान्यताका आधारमा ब्राह्मणहरु समाजका उच्च जातिमा रहेता पनि वर्तमान परिवर्तित समयमा अन्य जातिसँगको सम्बन्धमा सुधार भइरहेको छ । विशेषत वि.सं. २००७ सालको परिवर्तन, वि.सं. २०२० सालको नयाँ मुलुकी ऐनको आगमन, वि.सं. २०४६ सालको राजनैतिक परिवर्तन र २०६३ सालमा आएको समावेशी लोकतन्त्रको अवधारणा र धर्म निरपेक्ष राष्ट्रको घोषणासँगै अन्य जातिसँगको सम्बन्धमा परिवर्तन आएको छ । शिक्षा, आधुनिकीकरण जस्ता पक्षहरुले ब्राह्मणहरु पनि परिवर्तित परिस्थितीसँग अगाडि बढ्ने क्रममा छन् । अन्य जात जातिसँगको सम्बन्धमा पनि यसले सकारात्मक सुधारका सङ्केत देखाउन थालेका छन् ।

वि.सं. २०६३ सालको राजनैतिक परिवर्तन पछि देखिएको जातजातिको सवालले अन्य जनजातिहरुलाई बढी जागरुक पारेको देखिन्छ । धर्म निरपेक्ष राष्ट्र घोषणाले नेपालमा परम्परादेखि चलि आएको हिन्दु राज्यको मान्यतालाई समाप्त पारेको छ । ब्राह्मण जातिहरुको आन्दोलन पनि विशेष गरी हिन्दु धर्म, संस्कृति तथा परम्पराको संरक्षणमा बढी केन्द्रित रहेको देखिन्छ । नेपाली समाजको विकासको इतिहास हेर्ने हो भने आर्य र मंगोल दुवै सम्प्रदायका मानिसहरुको समिश्रणबाट अगाडि बढेको देखिन्छ । यस तथ्यबाट यहाँ कोही कसैबाट शोषित र आश्रित नरही सबै समान हक अधिकार उपयोग गर्दै समुन्नत समाजको निर्माणमा लाग्नु बुद्धिमानी ठहरिने छ । नेपाली समाजको जातिय, धार्मिक तथा सांस्कृतिक विविधताको सन्दर्भमा प्रकार्यवादी अवधारणा अनुरुप समाज एकिकृत रुपमा रहेको देखिन्छ ।

## २.२ सन्दर्भ साहित्यको समीक्षा

बाहुन-क्षेत्रीलाई देश भरिका सबैभन्दा प्रख्यात जात भने हुन्छ किनभने नेपालको हिमालदेखि मधेससम्म र महाकालीदेखि मेचीसम्म हरेक भागमा जहाँ खोजेपनि पाइने जात बाहुन-क्षेत्री नै हुन् । देशभरि यत्तिकै व्यापक रुपमा फैलिएर बसेका अरु कुनैपनि वर्ग छैनन् ।

पश्चिम एशियातिरबाट आइ भारतको पन्जाब र त्यसपछि गङ्गाको फाँटमा पुगेर बैदिक र पौराणिक हिन्दु धर्म तथा संस्कृतिको विकास गर्ने आर्य जाति मध्येकै थिए खसका पुर्खाहरु पनि (विष्ट, २०३०) ।

हिन्दुस्तानको पन्जाबबाट गङ्गा नदीको मैदानी भागमा फिंजिएर बसेका आर्यहरुका सन्तानहरुका रुपमा ब्राह्मण र क्षेत्रीहरु हिमालय पर्वततिर समेत विस्तार हुँदै आएका थिए । खासगरी इण्डो-आर्यन समुदायभित्र विद्यमान वर्णाश्रम पद्धति (Varna system) अनुसार चार वर्णहरु रहने परम्परा छ । ब्राह्मण, क्षेत्री, वैश्य, शुद्रमा विभाजित चार वर्णमा ब्राह्मण पहिलो स्थानमा र क्षेत्रीलाई दोस्रो स्थानमा राख्ने चलन छ (शर्मा, २०३९) ।

राष्ट्रिय जनगणना २०५८ मा पहाडी ब्राह्मण २८,९६,४७७ रहेका थिए । यिनीहरु प्रायः सबैले हिन्दु धर्म नै अवलम्वन गर्दछन् । अन्य धर्मको प्रभाव यस जातिमा त्यति परेको देखिदैन ।

ऋग्वेदमा जुन ब्राह्मण शब्द प्रयोग भएको छ त्यसको अर्थ हो प्रार्थना अथवा स्तुति तर यही ब्राम्हण शब्द अथर्व वेदमा आएर ब्राह्मण वर्गको अर्थमा लिइएको देखिन्छ । ब्राह्मण शब्दलाई ब्राह्मण वर्गको अर्थमा लिनु स्वभाविक कुरा हुन आउँछ । कारण ब्राह्मणहरु नै ब्रमह अर्थात प्रार्थनाका निर्माता थिए । ऋग्वेदका अनुसार ब्रह्म र क्षत्र शब्द क्रमशः स्तुति र शक्तिको अर्थमा प्रयोग भएका छन् (शर्मा, २०३९) ।

गहुँगोरो वर्ण, चुच्चो नाक, नरम कालो कपाल, लाम्चा र गढेका आँखा, उचा देखि मझौला कद संक्षेपमा भारेपिया वा आर्यमूलका मानव समूहको शारीरिक विशेषता हुन् । नेपालमा यी भारोपेली जातिहरुको आगमन कहिलेदेखि भयो भनेर किटान गर्न नसकिए पनि किराँत वंशभन्दा पहिले नेपालमा निप वा नेप जातिका आविरहरुको शासन थियो र संभवतः तिनीहरु हिन्दुस्तानबाट नेपाल प्रवेश गरेका थिए र तिनीहरु आर्य जातिकै शाखा थिए ।

नेपाली समाजमा विश्वामित्र गोत्र र प्रवर हुने ब्राह्मणहरु पाइन्छन् । तिनीहरु मूलतः पहिले क्षेत्रीय थिए र पछि विश्वामित्रको प्रतापले ब्राह्मण भएका हुन् । यसै प्रकार कौशिक गोत्र र प्रवरका ब्राह्मणहरु पनि पहिले क्षत्रीय थिए र पछि ब्राह्मण भएका हुन् (शर्मा, २०३९) ।

ब्राह्मणमा विभिन्न थरहरु हुन्छन् । जस्तैः- सुवेदी, आचार्य, पौडेल, गौतम, सापकोटा, कँडेल, भुर्तेल, चापागाईं, भण्डारी, रिजाल, लगायतका दर्जनौ थरहरु पाइन्छन् । ब्राह्मणहरु उपाध्याय र जैसी गरी मूल रुपमा दुई भागमा विभक्त छन् । यसैगरी पूर्विया र कुमाइ, पहाडे र मैथली ब्राह्मण गरी ब्राह्मणलाई विभाजन गरिएको छ । कुमाइ बाहुनहरुमा लोहनी, जोशी, डोटेल, विष्ट, भट्ट, पाण्डे, पनेरु, पन्त, सोती, उप्रेती, सिलवाल आदि र पूर्वियामा बाँसकोटा, अधिकारी, अर्याल, आचार्य, खनाल, ढुङ्गेल, घिमिरे, खरेल, लामिछाने, पौडेल, पोखरेल, प्याकुरेल, रिमाल, सुवेदी आदि पर्दछन्
(विष्ट, २०३०) ।

नेपालको सबै ठाउँमा बसोबास गरेर बसेका ब्राह्मण र क्षेत्रीहरु शुरुमा हिन्दुस्तानबाट पश्चिम नेपालको कर्णाली क्षेत्र र मध्य नेपालको काठमाण्डौमा आएर बसेका थिए । शुरुमा ब्राह्मण क्षेत्रीहरु गुचुमुच्च भएर नेपालको मध्य भागमा रहेको पूर्वबाट पश्चिमसम्मका पहाडहरुमा फैलिएर रहेको पाइन्छ । यिनीहरुको घर ढुङ्गा माटोबाट बनेको, आर्थिक अवस्था हेरी एक देखि दुई तल्लासम्म भएका घरहरु बनाउने गर्दछन् । घरमा सेतो कमेराले पोत्ने, झ्याल ढोकामा कालो रङ्ग लगाउने गर्दछन् । घरको भुइँ तल्लामा भान्सा र पूजा कोठा अनि सानो कोठा सिकुवामा सुत्ने गर्दछन् । पहिलो तल्लामा खाद्यान्न राख्ने भण्डार र सुत्ने कोठाहरु बनाउने चलन घरको नजिकै गाईभैंसी, भेडाबाखा पाल्नको लागि गोठहरु बनाउने गरिन्छ । घरको अगाडि आँगन र तुलसीको मोठहरु बनाउने गरिन्छ (शर्मा, २०३९) ।

ब्राह्मण र क्षेत्रीहरु परम्परागत रुपमा पश्चिम र मध्य पहाडका भिराला डाँडाहरु अनि तिनका खोंच बेसी, टार र मैदानी भागहरुमा खेती गर्दै आएकाले यिनीहरुको महत्वपूर्ण आर्थिक स्रोत कृषि हो । कृषि सँगै पशुपालन पनि अर्को महत्वपूर्ण पेशा हो । परम्परागत रुपमा ब्राह्मणहरु जजमानी गर्दै आएका छन् भने क्षेत्रीहरु सेना र युद्धमा भर्ति हुने गर्दछन् । सरकारी नोकरी तथा अन्य रोजगारीका क्षेत्रहरुमा यिनीहरु अगाडि रहेका देखिन्छन् (भट्ट, २०५९) ।


## २.३ सैद्धान्तिक अवधारणा

नेपालमा बसोबास गर्ने प्रचिन जाति मध्ये ब्राह्मण पनि एक हो । पश्चिम एशियाबाट अफगानिस्तान हुँदै भारत र नेपालको पश्चिम क्षेत्रमा बसोबास गर्ने ब्राह्मण जाति वर्तमान समयसम्ममा नेपालका सबै ठाउँहरुमा छरिएर बसोबास गर्दछन् । यिनीहरु हिन्दु धर्मशास्त्रबाट निर्देशित रहने भएकोले सामाजिक, सांस्कृतिक र आर्थिक पक्षमा धर्मको प्रत्यक्ष प्रभाव परेको देखिन्छ ।

यो अध्ययन काभ्रेपलाञ्चोक जिल्लाको अनैकोट गा.वि.स. का ब्राह्मणहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको समाजशास्त्रीय अध्ययन हो । सामाजिक अध्ययनमा विभिन्न विधि तथा अवधारणाको प्रयोग गरिन्छ । यो अध्ययन सम्रचनात्मक प्रकार्यवादी अवधारणामा आधारित रहेर गरिएको छ । सामाजिक संरचना धेरै एकाइहरु परस्परमा मिलेर बनेको एउटा व्यवस्था हो । सामाजिक संरचनामा अन्तिम आधारगत तत्वहरु व्यक्तिहरु नै हुन् । यसमा व्यक्तिहरुलाई एक-आपसमा मिलाएर राख्ने काम हुन्छ । समाज परिवारको सङ्गठन राजनीतिक, आर्थिक र अन्तर समूहको सम्बन्धहरुबाट निर्धारित भएका हुन्छन् । समाजमा रहेका एकाइहरु एक अर्कामा एकताबद्ध भएर रहेका हुन्छन् । यही सैद्धान्तिक अवधारणाभित्र रहेर ब्राह्मण जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको समाजशास्त्रीय अध्ययन गरिएको छ । वर्णनात्मक र अन्वेषनात्मक विधिबाट तथङ्कहरु सङ्कलन गरी अनुसन्धानलाई उद्देश्य मूलक बनाउने प्रयास गरिएको छ । कार्य क्षेत्र अध्ययनबाट प्राप्त सूचनाहरुलाई विश्लेषण सहित प्रस्तुत गरिएको छ । यसबाट अध्ययन क्षेत्रका ब्राह्मण जातिहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था बुझ्ने र त्यसको समाजशास्त्रीय विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## २.४ अवधारणात्मक ढाँचा

यो अनुसन्धान निम्न अवधारणात्मक ढाँचामा सम्पन्न गरी आवश्यक सूचना हासिल गरियो ।



# अध्याय तीन

# अनुसन्धान विधि

यस अध्याय अन्तर्गत अध्ययनलाई विश्वसनिय तथा भरपर्दो किसिमले निष्कर्षमा पुग्नको लागि उपयोग गरिने विभिन्न अनुसन्धान विधिहरु जस्तैः- अनुसन्धान ढाँचा, अध्ययन क्षेत्र छनोट, नमूना छनोट विधि, तथ्याङ्क सङ्कलन गर्नको निमित्त प्रयोग गरिने विभिन्न विधिहरु (अन्तरवार्ता, अवलोकन, सामूहिक छलफल) तथ्याङ्कको प्रकृति तथा स्रोत, आदिको उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धान क्षेत्र तथा छनौटको आधार

यो अध्ययन काभ्रेपलाञ्चोक जिल्लाको अनैकोट गा.वि.स. को वडा नं. १ मा अवस्थित दाहाल गाउँमा केन्द्रित रहेको छ । यो अध्ययनमा संख्यात्मक तथा गुणात्मक तथ्यहरुमा आधारित रही विवरणात्मक शैलीमा ब्राह्मण जातिहरुको सामाजिक, सांस्कृतिक एवम् आर्थिक पक्षहरुको अध्ययन गरिएको छ । अनुसन्धान क्षेत्र छनौटका आधारहरु यस प्रकार रहेका छन् ।

१. अनुसन्धान क्षेत्रमा ब्राह्मणहरुको पुरानो बस्ती भएकोले ।

२. ब्राह्मणहरुको मौलिक संस्कृति बुझ्न सकिने भएकोले ।

३. परम्परागत आर्थिक क्रियाकलापमा परिवर्तन देखिएकाले ।

४. भौगोलिक रुपमा अध्ययन गर्न सजिलो पर्ने भएकोले ।

५. ब्राह्मण संस्कृतिको परिवर्तनको प्रक्रिया बुझ्न सजिलो हुने भएकोले ।

अनुसन्धान क्षेत्र काभ्रेपलाञ्चोक जिल्लाको सदरमुकाम धुलिखेल र शहरोन्मुख गा.वि.स. पाँचखालबाट नजिक भएता पनि ब्राह्मण जातिका मानिसहरुको पुरानो बस्ती भएको क्षेत्र हो । यहाँ क्रमिक रुपमा आधुनिकीकरणको प्रभाव पर्दै गएता पनि मौलिक संस्कृति पनि जिवित नै रहेको देखिन्छ । परम्परागत पेशा व्यवसायमा क्रमशः परिवर्तन देखिदै गएको छ । कृषिमा नयाँ प्रविधिको प्रयोग प्रयोग बढ्दै गएको छ । भौगोलिक रुपमा पनि अनुसन्धान क्षेत्र नजिक रहेकाले यस क्षेत्रलाई अनुसन्धानको रुपमा छनौट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

यो अध्ययन काभ्रेपलाञ्चोक जिल्लाको अनैकोट गा.वि.स. को वडा नं. १ मा अवस्थित दाहाल गाउँमा केन्द्रित रहेको छ । यो अध्ययन मुख्यतः संख्यात्मक तथा गुणात्मक

तथ्यहरुमा आधारित रही विवरणात्मक शैलीमा ब्राह्मण जातिहरुको सामाजिक, सांस्कृतिक एवम् आर्थिक पक्षहरुको अध्ययन गरिएको छ ।

### ३.३ अध्ययनको समग्रता

अध्ययन क्षेत्र अनैकोट गा.वि.स. को वडा नं. १ मा अवस्थित दाहाल गाउँमा ४० घर ब्राह्मणहरु रहेका छन् । ती ४० घर सबैलाई अध्ययनको लागि समावेश गरिएको छ । यहाँका ४० घरका ब्राह्मणहरुको सामाजिक, सांस्कृतिक एवम् आर्थिक अवस्थाको बारेमा अध्ययन गरिएको छ ।

### ३.४ तथ्याङ्कको प्रकार र स्रोत

यस अध्ययनमा प्राथमिक तथा द्वितीय प्रकृतिका तथ्य्याङ्क समावेश गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अनुसन्धानकर्ता स्वयं आफै अध्ययन क्षेत्रमा गएर तथ्याङ्कहरु सङ्कलन गरिएको छ । त्यसरी नै ब्राह्मणहरु सम्बन्धि अध्ययन तथा अनुसन्धान गरी निकालिएका प्रतिवेदन, पुस्तक, लेख, तथ्याङ्क विभागको पुस्तिका आदिबाट द्वितीय तथ्याङ्कहरुको सङ्कलन गरिएको छ ।

अध्ययनलाई विश्वसनीय, भरपर्दो तथा स्तरीय बनाउनका निमित्त दुवै गुणात्मक तथा संख्यात्मक तथ्याङ्कहरुको उपयोग आवश्यकता अनुसार गरिएको छ । उमेर, लिङ्ग, शैक्षिकस्तर, परिवार संख्या आदि जस्ता सांख्यिकीय तथ्याङ्कहरुका साथै सरसफाइ, पहिरन, बोलीचाली आदि जस्ता गुणस्तरीय तथ्याङ्कहरु पनि अध्ययनमा उपयोग गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन विधि

अध्ययनलाई अग्रगति दिई विश्वसनीय निष्कर्षमा पुग्ने सिलसिलामा प्राथमिक तथ्याङ्कहरु सङ्कलन गर्नको निमित्त निम्न प्रकारका तथ्याङ्क सङ्कलन विधिहरु उपयोग गरिएको छ ।

#### ३.५.१ अन्तर्वार्ता

अनुसन्धान गर्नका लागि तथ्याङ्क सङ्कलन गर्ने प्रविधिहरुमा अन्तर्वार्ता एक महत्वपूर्ण साधन हो । अनुसन्धानमा आवश्यक पर्ने सूचना, तथ्य जानकारी प्राप्त गर्न अनुसन्धान दाताले सूचना दातासँग आमुन्ने-सामुन्ने बसेर गरिने प्रक्रिया अन्तर्वार्ता हो । अध्ययन क्षेत्रका उत्तरदाताहरुसँग सूचनाहरु भरपर्दा छन् की छैनन्, कति सत्य छन् र कति नमिल्ने सूचना सङ्कलन भए कि भन्ने कुराको परिक्षण गर्न र आवश्यक तथ्याङ्क पाउने उद्देश्य राखी अन्तर्वार्ताको अनुसूची तयार पारिएको छ । यस विधिबाट ब्राह्मण जातिको सामाजिक,

सांस्कृतिक तथा आर्थिक अवस्था, यसमा आएका परिवर्तन र परिवर्तनका कारक तत्वहरु बारे लिनको लागि मूख्य जानकार व्यक्तिहरुबाट यो लिइएको छ । जसमा घरमुलीसँगको अन्तर्वार्ता प्रमुख मानिन्छ । विशेष गरी जनसंख्या पेशा, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, बिवाह, आम्दानीको प्रकार, संस्कार, प्रमुख चाडपर्व, आम्दानी तथा खर्च आदि पक्षबाट आएको परिवर्तनहरु कारण सहित जानकारी प्राप्त गर्न यो विधि प्रयोग गरिएको छ ।

### ३.५.२ अवलोकन

अनुसन्धानको क्रममा शोधकर्ताले अवलोकन विधिको प्रयोग गरी घरको सर-सफाइ, यसको प्रकार, शौचालयको अवस्था, पोशाक, गरगहना, धार्मिक क्रियाकलाप आदि सम्बन्धि सूचना सङ्कलन गरिएको थियो । यस विधिद्वारा अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कहरुलाई मूल्याङ्कन वा सत्यताको जाँच गरी पुनः अन्तर्वार्ता गरी अध्ययनलाई बढी विश्वसनिय बनाउन सहयोग पुगेको छ । यस्ता तथ्याङ्कहरुले ब्राह्मण जातिको परम्परागत पहिरन, आर्थिक अवस्था आदि प्रस्तुत गर्न सहयोग गरेको छ ।

### ३.५.३ मुख्य व्यक्तिहरुसँगको अन्तरवार्ता

हरेक उत्तरदाताहरुबाट लिइएको सूचनाको विश्वसनीयता जाँच गर्न तथा सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्धि बढी तथा विश्वसनीय सूचनाहरु सङ्कलन गर्नको निमित्त अर्ध-सहभागी अन्तरवार्ता विधिद्वारा दाहाल गाउँका ब्राह्मणहरुसँग नजिक भएका तथा कार्य गरिरहेका राजनीतिक पदाधिकारीहरु, शिक्षक, कर्मचारी, विभिन्न गैरसरकारी संस्थाका कर्मचारीहरु तथा गाउँका अगुवासँग अन्तरक्रिया गरिएको छ । यस अन्तरवार्ताद्वारा अध्ययनलाई बढी विश्वसनीय तथा गहन बनाउने विश्वास गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण

माथि उल्लेखित विधिबाट सङ्कलित मात्रात्मक तथ्याङ्कहरुलाई प्रकृति र गुणको आधारमा विभिन्न समूहहरुमा विभाजन गरी कूल तथा प्रतिशत निकालेर आवश्यकता अनुसार प्रस्तुत गरिएको छ । तालिकीकृत गरिए पछि ती तथ्याङ्कहरुलाई विश्लेषण गरी विवरणात्मक रुपमा प्रस्तुत गरिएको छ ।

### ३.७ अध्ययनको सिमा

यो अध्ययन स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्ति गर्नको निमित्त एउटा सानो क्षेत्रमा अध्ययन गरिने हुनाले यसको आफ्नै सिमाहरु छन्, जुन यस प्रकारका छन् ।

® यो अध्ययन ब्राह्मण जातिमा आधारित हुने हुनाले यसले अन्य जात जातिको विविध अवस्थालाई नझल्काउन पनि सक्छ ।

® यो काभ्रेपलाञ्चोक जिल्लाको एउटा सानो भागमा बसोबास गर्ने सानो ब्राह्मण गाउँको आधारमा गरिने हुनाले यसबाट निकालिएको निष्कर्ष अन्य ठाउँका ब्राह्मणहरुको भन्दा नितान्त फरक पनि हुन सक्दछ ।

® यो एक विद्यार्थीले आंशिक आवश्यकता पूरा गर्नका निमित्त छोटो समय र नगण्य खर्चमा गरिने हुनाले यसले सम्पूर्ण पक्षहरुलाई नसमेट्न तथा सुक्ष्म अध्ययन नभएको पनि हुन सक्दछ ।

# अध्याय चार
# अध्ययन क्षेत्रको परिचय

## ४.१ अनैकोट गाउँ विकास समिति

काभ्रेपलाञ्चोक जिल्लामा रहेका ८७ गा.वि.स.हरु मध्ये अनैकोट गा.वि.स. एक हो । यो जिल्लाको उत्तर पश्चिममा अवस्थित पहाडी भू-भाग मात्र भएको गा.वि.स. हो । जिल्ला सदरमुकाम धुलिखेलबाट करीव १५ किलो मिटरको दुरीमा यो गा.वि.स. रहेको छ । उत्तरी अक्षांस २७°३८'४०"-२७°४२'१०" र पूर्वी देशान्तर ८५°३३'२६"-८५°३७'४०" बिचमा फैलिएको यो गा.वि.स.को क्षेत्रफल २५.०५७ वर्ग कि.मी. (२५०५.७ हेक्टर) रहेको छ । समुन्द्र सतहबाट करीव ७८० मी. देखि १६८० मी. सम्म उचाई भएको यस गा.वि.स.मा समशितोष्ण हावापानी बढी पाईन्छ । यस गा.वि.स.को ६९ प्रतिशत भू-भाग दक्षिण पूर्व र ३१ प्रतिशत भू-भाग उत्तरपूर्व मोहडामा फर्केर रहेको छ । रातो फुस्रो बलौटे दोमट माटो भएको यस गा.वि.स.मा तराईको गर्मी ठाउँमा पाइने वनस्पति देखि जाडो ठाउँमा हुने बोट विरुवा, अन्नबाली, फलफूल तथा तरकारी पाईन्छ । यस गा.वि.स.को पूर्वमा चण्डेनी, जैसिथोक र पाँचखाल गा.वि.स., पश्चिममा देविटार र नयाँगाउँ गा.वि.स. तथा उत्तरमा नयाँगाउँ र महादेवस्थान गा.वि.स. तथा दक्षिणमा रविओपी र पाँचखाल गा.वि.स. पर्दछन् ।

समुन्द्री सतहबाट करीव १६०० मीटरको उचाइमा रहेको मानेडाँडा अध्ययन क्षेत्र, एक प्रस्तावित पर्यटकीय क्षेत्र पनि हो । यस क्षेत्रबाट हिमाली श्रृङ्खला राम्रोसँग देख्न सकिन्छ भने पाँचखाल, धुलिखेल, बालुवा, पलाञ्चोक भगवती लगायतका क्षेत्रको दृश्यावलोकन गर्न सकिन्छ । गणेश हिमाल भ्यू टावरको स्थापनाबाट दृश्यावलोकन कार्य सहज भएको छ । यस क्षेत्रमा जिल्ला सदरमुकाम धुलिखेल र पाँचखालबाट सवारी साधनको प्रयोग गरी पुग्न सकिन्छ ।

यस गा.वि.स.मा अग्ला कोटहरु भएकोले यसको नाम अनैकोट रहन गएको भन्ने भनाई छ । त्यसैगरी यस गा.वि.स.मा राणा काल देखि २०४६ साल अघि सम्म ठूला ठालुहरुले जनतामाथि अन्याय गर्ने हुनाले अन्यायकोट भन्दा भन्दै पछि अनैकोट भएको भनाई कतिपय बुढापाकाहरुको रहेको छ । अग्ला कोटहरु धेरै भएकाले देवीहरुको नाममा बली दिने चलन पनि पहिला धेरै थियो भन्ने भनाई पनि रहेको छ ।

यस गा.वि.स. मा धेरै पहिला देखि विभिन्न जातजातिका मानिसहरु बसोबास गर्दछन् । तिनीहरुमध्ये ब्राह्मण जाति एक प्रमुख जातिको रुपमा रहेको छ । यस जातिको बसोबास गा.वि.स. का प्राय सबै वडाहरुमा रहेको छ ।

यस गा.वि.स. को वडा नं. १ मा तीनवटा टोलहरु रहेका छन् । दाहाल गाउँ, लम्साल टोल र गंगले क्षेत्र मध्ये दाहाल गाउँ बीच भागमा अवस्थित छ । यस गाउँमा ब्राह्मण जातिका मानिसहरुको बसोबास रहेको छ । दाहाल, खतिवडा, कोइराला, बजगाईं र सापकोटा थर भएका मानिसहरु रहेको यस गाउँमा मुख्यतः दाहालहरुकै बसोबास बढी छ । यस गाउँका ब्राह्मणहरु उपाध्याय र जैसी गरी दुई किसिमका रहेका छन् । कोइराला, खतिवडा र सापकोटा उपाध्याय ब्राह्मणहरु छन् भने दाहालहरु जैसी ब्राह्मण हुन् ।

दाहाल गाउँको पूर्वमा वडा नं. ४ को कृष्ण मन्दिर क्षेत्र, पश्चिममा वडा नं. ७ को थिङ टोल, उत्तरमा वडा नं. १ कै गंगले र दक्षिणमा लम्सालटोल रहेका छन् । यस गाउँमा अनैकोट गा.वि.स. को कार्यालय रहेको छ । यही गाउँमा एक ज्ञानेश्वरी माध्यमिक विद्यालय पनि रहेको छ । द्वन्दकालमा अनैकोट गा.वि.स. को ठूलो घटना भएको क्षेत्र पनि यही गाउँ भएकोले यहाँ एक नमूना भवनको पनि निर्माण गरिएको छ । यस गाउँको भिरालो भू-बनोट भएकाले यहाँ पाखोबारी र मानव बस्ती मात्र रहेको छ । दक्षिण मोहडा परेको क्षेत्र भएता पनि सिंचाइको सामान्य सुविधाले गर्दा मानिसहरुमा वेमौसमी तरकारी खेती तर्फ आकर्षण बढ्दो रहेको छ ।

यस गाउँमा ४० घरधुरी रहेका छन् । त्यसमध्ये दाहाल ३६ घरधुरी, खतिवडा २ घरधुरी, बजगाईं १ घरधुरी र सापकोटा १ घरधुरी रहेको छ । खतिवडा र सापकोटा उपाध्याय ब्राह्मण भएकाले कर्मकाण्ड कार्यमा संलग्न रहेका छन् । यहाँका ४० घरधुरीमा १७५ जनाको संख्या रहेको छ जसमा खतिवडाको संख्या ९, बजगाईंको संख्या ५ र सापकोटाको संख्या ६ जना रहेको छ । यस गाउँमा दाहाल बाहेक कूल २० जना अन्य थरका मानिसहरु बसोबास गर्दछन् । दाहालहरुको गोत्र वस्य हो र उनीहरुको ५ प्रवर हुन्छ । सापकोटाको कौडिन्य गोत्र, ३ प्रवर, खतिवडाको अत्री गोत्र, ८ प्रवर र बजगाईंको माण्डव्य गोत्र, ३ प्रवर हुन्छ ।

### ४.२ अनैकोट गा.वि.स.को जनसंख्या

यस गा.वि.स.को जम्मा जनसंख्या ७८८४ छ । (पुरुष ४९.९३ प्रतिशत (३९३७) र महिला ५०.०७ प्रतिशत (३९४७)) यहाँको जम्मा परिवार संख्या १४७३ र औसत जनसंख्या

बृद्धिदर १.४९ रहेको छ । जुन राष्ट्रिय बृद्धिदर भन्दा ०.८ प्रतिशत बढी छ । यस गा.वि.स.मा तामाङ ३७७३, ब्राह्मण २४१६, क्षेत्री २७९, नेवार ३७८, कामी २९८, सार्की २२१, ठकुरी १९३, मगर ११६, दमाई १००, घर्ति ९१ र दनुवार १९ रहेका छन् । मातृभाषाको रुपमा नेपाली ५१.७१ प्रतिशत, तामाङ ४७.८२ प्रतिशत, अन्य ०.४७ प्रतिशत रहेका छन् । उक्त जनसंख्यालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

| जाति | जनसंख्या | प्रतिशत |
|---|---|---|
| तामाङ | ३७७३ | ४७.८६ |
| ब्राह्मण | २४१६ | ३०.६४ |
| नेवार | ३७८ | ४.७९ |
| कामी | २९८ | ३.७८ |
| क्षेत्री | २७९ | ३.५४ |
| सार्की | २२१ | २.८० |
| ठकुरी | १९३ | २.४५ |
| मगर | ११६ | १.४७ |
| दमाई | १०० | १.२७ |
| घर्ती | ९१ | १.१५ |
| दनुवार | १९ | ०.२४ |
| **जम्मा** | **७८८४** | **१००%** |

स्रोतः गा.वि.स. पार्श्व चित्र २०६८

### ४.२.१ दाहाल गाउँको जनसंख्या

दाहालटोलका छनौट गरिएका घरपरिवारको जनसंख्यालाई लिङ्ग (पुरुष-स्त्री) को आधारमा भएको वितरणलाई तालिका नं. २ मा देखाइएको छ ।

**तालिका नं. २**

| क.सं. | लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | ८३ | ४७.४२ |
| २ | महिला | ९२ | ५२.५८ |
| **जम्मा** | | **१७५** | **१००** |

स्रोतः- स्थलगत सर्वेक्षण २०६९

तालिका नं. २ अनुसार दाहालगाउँका ब्राह्मणहरुमा पुरुष संख्या महिलाहरुको भन्दा केही कम रहेको स्पष्ट हुन्छ । उक्त तालिका अनुसार पुरुषको संख्याले ४७.४२ प्रतिशत ओगटेको छ भने महिलाहरुले जम्मा संख्याको ५२.५८ प्रतिशत भाग मात्र ओगटेको देखिन्छ ।

**४.२.२ उमेरको आधारमा जनसंख्या वितरण**

अध्ययनको निमित्त छनौट गरिएका दाहालगाउँका जनसंख्यालाई उमेरको आधारमा ०-५ वर्ष, ६-१५ वर्ष, १६-४० वर्ष, ४१-६० वर्ष, र ६० वर्षभन्दा माथिका समूहहरुमा विभाजन गरी तालिका नं. ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**

| क.सं. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-५ | १७ | ९.७१ |
| २ | ६-१५ | ४४ | २५.०० |
| ३ | १६-४० | ७८ | ४४.६२ |
| ४ | ४१-६० | २९ | १६.६७ |
| ५ | ६१ भन्दा मथि | ७ | ४.०० |
| **जम्मा** | | **१७५** | **१००** |

स्रोतः- स्थलगत सर्वेक्षण २०६९

तालिका नं. ३ को अनुसार दाहाल गाउँमा सबैभन्दा बढी संख्या तरुण अवस्था (१६-४० वर्ष) का मानिसहरुले ओगटेको देखिन्छ । यस समूहका मानिसहरुले ४४.६२ प्रतिशत स्थान ओगटेको देखिन्छ । ०-५ वर्ष समूहका बच्चाहरुले ९.७१ प्रतिशत स्थान ओगटेका छन् । त्यस्तै ६-१५ वर्ष समूहको जनसंख्या २५.०० प्रतिशत (तेस्रो स्थान) ओगटेका छन् भने ४१-६० वर्ष समूहले १६.६७ प्रतिशत स्थान ओगटेका छन् । ६१ वर्ष भन्दा माथिका समूहले ४

प्रतिशत स्थान ओगटेका छन् । जसबाट यस स्थानका मानिसहरुको औषत आयु कम भएको अड्कल गर्न सकिन्छ ।

### ४.२.३ परिवारको किसिम

काभ्रेपलाञ्चोक जिल्ला अनैकोट गा.वि.स. वडा नं. १ दाहाल गाउँमा बसोबास गर्ने ब्राह्मण परिवारको किसिम (संयुक्त र एकल) देखाइएको छ । दाहालगाउँमा रहेका ५० घरधुरीहरु मध्ये छनौट गरिएका ४० घरधुरीहरुको परिवारको किसिमको आधारमा देखाइएको छ ।

**तालिका नं. ४**

| क.सं. | परिवारको किसिम | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | संयुक्त | २ | ५ |
| २ | केन्द्रीय परिवार | ३८ | ९५ |
| **जम्मा** | | ४० | १०० |

स्रोतः- स्थलगत सर्वेक्षण २०६९

तालिका नं. ४ को अनुसार जिल्ला सदरमुकाम धुलिखेलबाट नजिकको दुरीमा रहेको दाहाल गाउँका ब्राह्मणहरुको परिवारको किसिमलाई हेर्दा आधुनिकीकरणको प्रभाव बढी परेको देखिन्छ । ४० घरधुरी मध्ये अधिकांश घरधुरी ९५ प्रतिशत घरधुरीमा एकल परिवारहरु र २ घरधुरीमा मात्र ५ प्रतिशत संयुक्त परिवार रहेको तालिका नं. ४ ले स्पष्ट पार्दछ ।

### ४.२.४ शैक्षिक स्थितिको आधारमा जनसंख्याको वितरण

शिक्षा विकासको मुख्य वाहक हो । यसले मानिसको जीवनका प्राय सबै पक्षहरु जस्तै चेतना, स्वास्थ्य, जीवन पद्धती आदि जस्ता पक्षहरुमा आमूल परिवर्तन ल्याउन सक्दछ । दाहाल गाउँका ब्राह्मणहरुको शिक्षाको अवस्थालाई निरक्षर, साक्षर, नि.मा.वि. तह, मा.वि. तह तथा उच्च शिक्षा जस्ता समूहमा वितरण गरी तालिका नं. ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५**

**शैक्षिक स्थितिको आधारमा जनसंख्याको वितरण:**

| क्र.सं. | शैक्षिक स्थिति (पाँच वर्षभन्दा माथि) | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | २५ | १९.०९ |
| २ | साक्षर | ३५ | २६.७१ |
| ३ | नि.मा.वि. | ३१ | २३.६६ |
| ४ | मा.वि. | २२ | १६.७९ |
| ५ | उच्च शिक्षा | १८ | १३.७५ |
| **जम्मा** | | **१३१** | **१००** |

स्रोतः- स्थलगत सर्वेक्षण २०६९

तालिका नं. ५ को अनुसार दाहाल गाउँमा निरक्षरको संख्या १९.०९ प्रतिशत रहेको देखिन्छ । साक्षरहरुको संख्या ३५ (२६.७१) प्रतिशत छ भने नि.मा.वि. तहमा अध्ययन गर्नेहरुको संख्या ३१ (२३.६६) प्रतिशत रहेको छ । कूल जनसंख्याको २२ जना (१६.७९) प्रतिशत मात्र मा.वि. तहको अध्ययन गरेका छन् । उच्च शिक्षा हासिल गर्ने १३.७५ प्रतिशत पुगेको देखिन्छ । यहाँको शैक्षिक स्थितिको विश्लेषण गर्दा साक्षरता प्रतिशत ८१ रहेको देखिन्छ । ब्राह्मणहरुमा सबैले शिक्षा लिनुपर्दछ भन्ने धारणाको विकास भएको पाईन्छ । विद्यालय जाने उमेरका सबै बालबालिकाहरु शिक्षाको अवसरबाट लाभान्वित भएका देखिन्छन् । आर्थिक हैसियत र उच्च शिक्षामा लगानीको कमीले गर्दा विद्यालय तह भन्दा माथिको उच्च शिक्षा प्राप्त गर्ने मानिसहरुको संख्या भने कम रहेको देखिन्छ । रोजगारीको अभाव तथा अवसरको कमीले गर्दा यहाँका मानिसहरुमा उच्च शिक्षाको पहुँच बढ्न सकेको देखिदैन । बिस्तारै नयाँ पुस्तामा भने उच्च शिक्षा प्रतिको आकर्षण बढ्दै गएको पाईन्छ । यसबाट यस गाउँमा शैक्षिक अवस्था सुधार हुँदै गएको देखिन्छ ।

### ४.२.५ पेशाको आधारमा वर्गीकरण

अनैकोट गा.वि.स. का ९३ .४१ प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न रहेका छन् । अधिकांश मानिसहरुको पेशा कृषि रहेकोले यहाँको जन जीवन सामान्य किसिमको रहेको छ । मुख्य पेशा कृषि रहनु र व्यापार, नोकरी, सरकारी सेवा आदिमा यहाँका मानिसहरुको

पहुँच बढ्न नसक्नुले शिक्षा तथा विकासको क्षेत्रमा यो गा.वि.स. पछाडी परेको देखिन्छ । यहाँका बासिन्दाहरुको दोस्रो ठूलो पेशा कृषिको ज्याला मजदुरी रहेकोले पनि अन्य क्षेत्रहरुमा पहुँच कम रहेको देखिन्छ । आर्थिक पक्ष नै सामाजिक तथा सांस्कृतिक परिवर्तनको मुख्य कारक तत्व हुनाले अन्य क्षेत्रमा यसको प्रभाव परेको देखिन्छ । दाहाल गाउँका ब्राह्मणहरुको पेशागत वर्गीकरण विश्लेषण गर्दा पनि ९० प्रतिशत मानिसहरु कृषि पेशामा आवद्ध रहेको देखिन्छ । व्यापार तथा नोकरी तर्फ पनि निकै कम मानिसहरुको संलग्नता देखिन्छ । यसले दाहाल गाउँ ब्राह्मणहरुको बस्ती भए पनि आर्थिक रुपमा सवल बन्न नसकेको देखिन्छ ।

**४.३ हावापानी र वातावरण**

यस गा.वि.स.को धेरै भाग भिरालो र टार रहेकाले समशितोष्ण हावापानी बढी पाईन्छ । उच्च भागमा वेशीको तुलनामा ठण्डा सुख्खा र समशितोष्ण हावापानी पाईन्छ । तल्लो वेशी क्षेत्रमा गर्मीमा १५ डिग्रीदेखि ३० डिग्री सेल्सियस हुने गरेको पाईन्छ । माथिल्लो भागमा हरिया डाँडाहरु छन् जहाँ गर्मीमा पनि गर्मी हुँदैन भने जाडोको समयमा - माइनसमा समेत तापक्रम झर्ने गर्दछ ।

**४.४ वनजङ्गल तथा वन्यजन्तुहरु**

यस गा.वि.स.मा १६ सामुदायिक वनहरु समुदायलाई हस्तान्तरण भैसकेका छन् । सामुदायिक वनको क्षेत्रफल ७६८.६ हेक्टर रहेको छ । कवुलियत वन तर्फ ७ वटा वन क्षेत्र (१९ हेक्टर) हस्तान्तरण भएका छन् । गा.वि.स.मा जम्मा वन तथा बुट्टयान क्षेत्र ७८७.६१ हेक्टर रहेको छ । वन क्षेत्रमा साल, सल्लो, उत्तिस, कटुस, मसला लगायतका बोटबिरुवाहरु रहेका छन् । डालेघाँस अन्तर्गत बाँज, कुटमिरो, कटुज, कोइरालो, धाइरो मुख्य छन् । बुट्टयानहरुमा तितेपाती, वनमारा, पिठौली, धाइरो, लगायत प्रमुख छन् । तितेपाती, लज्जावती, असुरो, घाडथाप्रे आदि मुख्य जडिबुटीहरु पाईन्छ ।

यस गा.वि.स.मा पाइने मुख्य जनावरहरुमा चितुवा, स्याल, खरायो, मृग आदि छन् भने पंक्षीहरुमा काग, कोइली, कालिज, कल्चौंडे, काफलचरी, तित्रो, ढुकुर, जुरेली, काँडेभ्याकुर, लोखर्के, टोड्के, तोपचरा आदि पंक्षीहरु रहेका छन् ।

**४.५. भौतिक पूर्वाधार**

यस गा.वि.स.का मुख्य सडक मार्गहरु मध्ये पाँचखाल-अनैकोट-नगरकोट पर्यटकीय सडक प्रमुख हो । उल्लेखित सडक मार्गमा बाह्रै महिना गाडी गुड्ने गर्दछ । यस बाहेक

मौसमी रुपमा यातायात चल्ने सडक मार्गहरु ३ वटा रहेका छन् । लामिडाडा-अनैकोट, जैसिथोक-कोट्याङ-मानेगाउँ सडक रहेका छन् ।

यस गा.वि.स.को सुविधा सम्पन्न पक्की गा.वि.स. भवन वडा नं. १ मा रहेको छ भने नमूना गा.वि.स. भएकाले अर्को नमूना भवन पनि निर्माण गरिएको छ । यस गा.वि.स.का सबै वडाहरुमा विद्युत सेवा उपलब्ध भएको छ ।

**४.६ धार्मिक एवं पर्यटकीय स्थलहरु**

यस गा.वि.स.का मानिसहरु बौद्ध र हिन्दु धर्म मान्ने गर्दछन् । सांस्कृतिक तथा धार्मिक मठ-मन्दिरहरुमा भक्रमदेवी, राधाकृष्ण मन्दिर, पञ्चकन्या देवी, ताम्सालिङ्ग गुम्बा, रामसीता मन्दिर रहेका छन् । वडा नं. १ मा प्रस्तावित शहिद पार्क निर्माणको अवस्थामा रहेको छ भने वडा नं. ७ मा रहेको मानेडाँडालाई पर्यटकीय स्थलको रुपमा विकास गर्न शुरु गरिएको छ । गणेश हिमाल भ्यू-टावरको निर्माणबाट सुन्दर हिमश्रृङ्खलाहरुको अवलोकन गर्न सहज भएको छ ।

**४.७ जलस्रोत**

यस गा.वि.स. जलस्रोतका दृष्टिकोणले पाँचखाल उपत्यकाको लागि प्रमुख स्रोतको रुपमा रहेको छ । यहाँका मुख्य खोलानालाहरुमा भिकुखोला, ढोडखोला, दहरेखोला, सिा खोला, आँसिखोला र बोक्से खोला आदि मुख्य रहेका छन् यि खोलाहरु सिँचाइ र खानेपानीका लागि प्रयोग गरिएका छन् ।

**४.८ शैक्षिक संघ/संस्थाहरुको अवस्था**

यस गा.वि.स.मा ७ वटा विद्यालयहरु रहेका छन् । ५ वटा सामुदायिक र १ वटा संस्थागत विद्यालय रहेका छन् । ति मध्ये उच्च मा.वि.-१, मा.वि.-२, नि.मा.वि.-३ र प्रा.वि.-१ रहेका छन् । ५ वटा बालविकास केन्द्रहरु रहेका छन् । यसका अलावा यस गा.वि.स.का विद्यार्थीहरु उच्च शिक्षाका लागि नजिकको पाँचखाल गा.वि.स.मा रहेको सर्वमंगला बहुमुखी क्याम्पस, सदरमुकाम धुलिखेल, बनेपा र काठमाण्डौ समेत जाने गर्दछन् ।

# अध्याय पाँच

# ब्राह्मण जातिको सामाजिक र सांस्कृतिक अवस्था

यस अध्यायमा ब्राह्मण जातिको सामाजिक र सांस्कृतिक अवस्थाका बारेमा चर्चा गरिएको छ । सामाजिक-सांस्कृतिक अवस्था भन्नाले ब्राह्मण समाजको संगठन, परिवार, गोत्र तथा अन्य सम्बन्धहरुको चर्चा गरिएको छ । सांस्कृतिक अवस्था अन्तर्गत भाषा, धर्म, लवाइ-खवाई, चाडपर्व आदिको बारेमा चर्चा गरिएको छ ।

## ५.१ सामाजिक अवस्था

ब्राह्मण जातिको सामाजिक अवस्था अन्तर्गत समाजको संगठन, परिवार, गोत्र तथा अन्य सम्बन्धहरुको बारेमा चर्चा गरिएको छ । यस अन्तर्गत दाहाल गाउँका ब्राह्मणहरुको पारिवारिक संरचनामा धेरै परिवर्तन आएको देखिन्छ । परम्परागत रुपमा संयुक्त परिवारमा रहने ब्राह्मणहरु एकात्मक परिवारतर्फ परिवर्तित भएका देखिन्छन् । एकात्मक परिवारले परिवारका आर्थिक तथा सामाजिक आवश्यकता पूरा गर्न सजिलो पर्ने भएकोले यस तर्फको आकर्षण बढ्दो देखिन्छ । अध्ययन क्षेत्रका ४० घरपरिवार मध्ये २ घरपरिवार मात्र संयुक्त परिवार रहनुले पनि ग्रमिण समुदायमा पनि एकात्मक परिवारको लोकप्रियता बढ्दो देखिन्छ ।

## ५.२ वैवाहिक स्थिति

विवाह एक महत्वपूर्ण सामाजिक संस्था हो । यसले मानिसहरुलाई जैविकीय सन्तुष्टिका साथै मानिसको जीवनमा स्थायित्व तथा परिपक्वता प्रदान गर्दछ । दाहाल गाउँका मानिसहरुको बैवाहिक स्थिति हेर्दा अविवाहित १०९ जना (६२.५ प्रतिशत), विवाहित ६० जना (३४.५ प्रतिशत) र विधवा/विदुर ६ जना (३.०० प्रतिशत) रहेको देखिन्छ । यस तथ्यले ब्राह्मण जातिमा पनि ढिलो विवाह गर्ने संस्कारको विकास भएको देखिन्छ ।

नेपालका ब्राह्मण जातिको वैवाहिक अवस्थाको अध्ययन तथा विश्लेषण गर्दा यो हिन्दु धर्मबाट निर्देशित रहेको देखिन्छ । परम्परागत हिन्दु समाजमा बाल विवाहलाई समाजले स्वीकारेको थियो । लगभग ७-८ वर्षमा नै कन्याको विवाह हुने गर्दथ्यो । रजस्वला नहुँदै विवाह गरी चोखो जल खानु पर्दछ भन्ने मान्यता अझै नेपाली समाजमा भेटिन सक्छ । वर्तमान समयमा विवाह सम्बन्धि अवधारणामा निकै ठूलो परिवर्तन आएको देखिन्छ । बाल विवाहलाई कानुनले दण्डनीय मानेको छ । यसैगरी विवाहमा जातभात हेर्ने प्रचलनमा पनि

कमि आएको छ । विवाहमा केटाकेटीलाई थाहै नदिई अभिभावकले नै सबै प्रबन्ध मिलाउने प्रचलनमा पनि कमि आएको छ । वर्तमान समाजमा अन्तरजातिय विवाह, प्रेम विवाह, अदालती विवाह जस्ता विवाहका नयाँ प्रचलन विकसित भइराखेका छन् ।

विवाहमा प्रारम्भमा बधुमूल्य (Bride Price) को प्रचलन थियो भने वर्तमान समयमा दाइजो प्रथा (Powry System) ले नेपाली समाजलाई नराम्ररी गाँजेको छ । घर खाने बुहारी विवाह गर्ने, कुनै कूलको वा सम्पत्तिवाल केटा खोज्ने प्रचलनमा धेर थोर परिवर्तन आएको छ । वर्तमानमा क्षमता, रुप, पेशा, शिक्षा, आचरण, धन जस्ता पक्षलाई बढी महत्व दिइन्छ । विवाहमा अन्तिम निर्णय केटा र केटीको हुने तथ्यलाई ठूलो र सकारात्मक परिवर्तन भन्न सकिन्छ । प्रारम्भमा बहुपती विवाह शढी थियो भने वर्तमानमा एकल विवाह नै सर्वश्रेष्ठ मानिएको छ । विवाहबाट छोराछोरी नजन्मेमा र छोरा नभएमा दोस्रो विवाह गर्ने प्रचलनमा पनि परिवर्तन आएको छ । यसैगरी विधि पुऱ्याएर मण्डप बसालेर विवाह नगरी मन्दिरमा विवाह गर्ने प्रचलन बढ्दो क्रममा देखिन्छ । धनिहरुले बढी भड्किलो र खर्चिलो विवाह गरेका छने भने गरिबका छोराछोरीको विवाह नै नहुने अवस्था आउन सक्छ । त्यसैले सामाजिक कार्यहरुमा निश्चित मापदण्ड कायम गर्नुपर्ने देखिन्छ ।

वर्तमान समयमा विवाहका कार्य, प्रकार र दृष्टिकोणमा परिवर्तन आउनुमा आधुनिकताको विकास, पाश्चात्य प्रभाव, पुँजीवादी आर्थिक संरचना, समाजको गतिशिलता, पेशा व्यवसायमा देखिएको नयाँ रुप, शिक्षाको विकास, जाति व्यवस्थामा खुकुलोपना, मानिसको मनोविज्ञान र दृष्टिकोणमा आएको परिवर्तन तथा कानुनको विकासलाई कारक तत्वहरुको रुपमा लिन सकिन्छ ।

### ५.२.१ खानेपानीको अवस्था

अध्ययन गरिएको दाहाल गाउँमा खानेपानीको स्रोत भएको स्थान मानिन्छ । यहाँ कुवा, धारा तथा पँधेराहरु रहेका छन् । यस गाउँका ब्राह्मणहरुको खानेपानीको सुविधा अनुसारको वितरण तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६**

**खानेपानीको सुविधा अनुसार वितरणः**

| क्र.सं. | खानेपानीको स्रोत | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफ्नो घरमा धारा | १२ | ३० |
| २ | सार्वजनिक धारा | १५ | ३७.५ |
| ३ | कुवा/पँधेरो | १३ | ३२.५ |
| **जम्मा** | | **४०** | **१००** |

स्रोतः- स्थलगत सर्वेक्षण २०६९

तालिका नं. १० अनुसार यस गाउँमा आफ्नै घरमा पाइपको धारा हुने घरपरिवार १२ (३० प्रतिशत) सार्वजनिक धाराको पानी प्रयोग गर्ने १५ (३७.५ प्रतिशत) र कुवा, पँधेराको पानी प्रयोग गर्ने घरधुरी १३ (३२.५ प्रतिशत) रहेको देखिन्छ । यसले खानेपानीको अवस्था राम्रो रहेको देखाउँछ ।

**५.२.२ सामाजिक सङ्गठन र तिनको कार्य**

अध्ययन क्षेत्रमा औपचारक तथा अनौपचारिक सङ्गठनहरुको माध्यमबाट व्यक्तिहरुको सामाजिक तथा सांस्कृतिक आवश्यकता पूरा भएको देखियो । गुठी स्थापना गरी गुठी भित्रका सदस्यहरुको परिवारमा कसैको मृत्यु भएमा मृतकको परिवारमा नगद र जिन्सी सहयो गर्ने प्रचलन रहेछ । त्यसैगरी  उनीहरुको कूल देवताको पूजा गर्दा गुठी भित्रका सबै सदस्य परिवारको सक्रिय सहभागिता रहने कुरा जानकारी गरियो । विवाह, ब्रतबन्ध, पूजा तथा अन्य सामाजिक ताथा संस्कारजन्य कार्यहरु सम्पन्न गर्दा सामूहिक रुपमा सहभागी हुने मान्यता रहेको पाइयो । औपचारिक सङ्गठन गठन गरी त्यस मार्फत सामाजिक, सांस्कृतिक गतिविधी सञ्चालन गरेको भने देखिएन । सामाजिक सङ्गठन मार्फत सामूहिक उद्देश्य प्राप्तिका लागि सबै गुठीयारहरु एकताबद्ध भएको पाइयो ।

**५.२.३ अन्य जातिसँगको अन्तर सम्बन्ध**

यस गाउँका मानिसहरुको मुख्य पेशा कृषि हो । यहाँका ब्राह्मणहरु कृषिका अलावा केहीले पुरोहितको कार्य गर्ने गरेको पाइयो । केही युवाहरु रोजगारीको शिलशिलामा काठमाण्डौ र विदेश सम्म पुगेर जिविका चलाएको पाइयो । त्यस्तै यिनीहरु फलामका सामानहरुको लागि कामी, लुगा सिलाउनको लागि दमाई तथा मुडा र छालाको सामानको

लागि सार्कीसँग व्यवहार गर्ने गरेको पाइयो । पेशा, व्यवसाय तथा अन्य आर्थिक सामाजिक आवश्यकता परिपूर्तिका लागि नजिकै बसोबास गर्ने अन्य जातिका मानिसहरुसँगको सम्बन्ध आफ्नै किसिमको रहेको छ । मुख्य पेशा कृषि भएकाले कृषि कार्यका लागि यहाँका मानिसहरु अन्य जातिहरु तामाङ र मिजारहरुबाट सहयोग लिने गर्दछन् । त्यसैगरी जातिय चेतनाको बढ्दो प्रभावसँगै जातभात र छुवाछुत प्रतिको व्यवहारमा पनि कमी आएको देखिन्छ । यसले यस गाउँमा बसोबास गर्ने मानिसहरु बीचको सहकार्यले सामाजिक एकतामा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

### ५.२.४ समाजमा महिलाहरुको अवस्था

दाहाल गाउँका ब्राम्हण समुदायमा महिलाहरुको स्थान पुरुषको तुलनामा तल रहेको देखियो । अधिकांश महिलाहरु घरेलु कामकाज जस्तै खेतीपाती, खाना बनाउने, गाईवस्तु हेर्ने, घाँसपात गर्ने जस्ता कार्यहरुमा बढी संलग्न रहेको देखियो । आर्थिक कारोबारमा पनि पुरुषहरु नै अगाडि रहेको देखियो । शैक्षिक क्षेत्रमा भने सुधार भइ छोरा र छोरी दुवैलाई विद्यालय पठाउने गरेको देखिन्छ । अन्य सामाजिक संघसंस्थाहरुमा पनि महिलाहरुको सहभागिता बढेको देखिन्छ । स्थानीय आमा समूह, सहकारी संसथा तथा गैरसरकारी संघसंस्थाहरुको कार्यक्रममा पनि महिलाहरुको उपस्थिति बढी रहेको देखिन्छ । अध्ययन क्षेत्रका करिव ६० प्रतिशत महिलाहरु कुनै न कुनै सामाजिक तथा आर्थिक सङ्गठनसँग आवद्ध रहेको देखिन्छ । यहाँका विवाहित महिलाहरु आमा समूहमा आवद्ध भएका छन् । स्थानीय स्तरमा रहेका वचत समूह तथा सहकारीहरुमा महिलाहरुको आवद्धता बढ्दै गएको देखिन्छ । शिक्षा क्षेत्रमा पनि छोरा र छोरी दुवैले पढ्नु पर्दछ भन्ने धारणाको विकासले गर्दा महिलाहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षमा पनि सकारात्मक सुधारका सङ्केतहरु देखिन थालेका छन् । छोरीको बिवाह पनि +२ तहको अध्ययन पछि मात्र गर्नुपर्ने धारणाको विकासले गर्दा यहाँका महिलाहरुको सामाजिक हैसियत क्रमिक रुपले बढ्दै गएको देखिन्छ ।

## ५.३ सामाजिक संस्कारहरु

### (क) जन्म संस्कार (न्वारन)

ब्राह्मणहरु बच्चा जन्मिएको ११ दिनमा बच्चाको न्वारन (नामाकरण) गर्दछन् । यहाँका सुत्केरी महिलालाई बच्चा जन्मिए पछि घरको हावा नलाग्ने कुनामा परालको विच्छ्यौनामा न्वारन नहुन्जेल अलग्गै राखिन्छ । न्वारनको दिन ब्राह्मण पुरोहित बोलाएर पूजा आजाका सबै सामग्रीहरु तयार गरी न्वारन गरिन्छ । अन्त्यमा पुरोहितले न्वारनको

विधिहरु सकेर आमा र नवजात शिशुलाई पवित्र धागोले नाडीमा बाँधेर गहुँत छर्की सुतक चोख्याउने गरिन्छ । बच्चा जन्मिएको समय, घडी पला, नक्षत्र हेरेर बच्चाको नामाकरण गरिन्छ । छोरी भएमा र छिटो सुतक चोख्याउनु पर्ने भएमा ७ वा ९ दिनमा पनि न्वारन गरिन्छ ।

**(ख) अन्न प्रासन (पास्नी)**

यहाँका ब्राह्मणहरुमा बच्चाबच्चीहरु ६ महिना भएपछि अन्न प्रासन गराउने चलन छ । यस संस्कारमा घरका ठूलाबडाले मिष्ठान्न खानाहरु खुवाउने र बच्चा बच्चीहरुलाई नयाँ लुगा दिने चलन छ । पहिले सिमित व्यक्तिहरु डाकेर मनाउने यस संस्कारमा अहिले धेरै मानिसहरु डाकेर भोज खुवाउने चलन बढ्दै गएको देखिन्छ ।

**(ग) ब्रतबन्ध**

बच्चा पाँच/सात वर्षको देखि १२-१४ वर्ष सम्म ब्रतबन्ध गरिन्छ । परम्परागत रुपमा ब्रतबन्ध गर्दा घरआँगनमा जगिया लगाइ मण्डप बनाएर पुरोहित र मन्त्र सुनाउने गुरुका साथै अरु छरछिमेकका इष्टमित्र बोलाउने गरिन्छ । बच्चालाई जोगीको रुप धारण गर्न लगाई भिक्षा माग्ने गरेर मण्डपको कर्म पूरा गर्नुपर्दछ । अन्त्यमा मन्त्र सुनाइ भोज भतेर गरेर ब्रतबन्ध पूरा गरिन्छ । अहिले ब्रतबन्ध कम खर्चमा मन्दिरमा लगी सामूहिक रुपमा गर्ने चलन बढेको छ भने कसैकसैले बिवाहको अघिल्लो दिनमा पनि ब्रतवन्ध गर्दछन् ।

**(घ) बिवाह**

यहाँका ब्राह्मण जातिका मानिसहरुमा बिवाह परम्परागत रुपमा एउटा महत्वपूर्ण संस्कार मानिन्छ । बिवाह गर्दा लमीको सहयोग लिई वर र वधुको कुरो मिलाइन्छ । मागी बिवाह नै यहाँको प्रमुख रुप हो । प्रेम बिवाह पनि शुरु भएको देखिन्छ तर सामाजिक परिवेश, आर्थिक पक्ष र शिक्षा आदिको कारणबाट परम्परागत हिन्दु विधि पूरा गरेर नै बिवाह गरिन्छ । बिवाह पछि मात्र मानिसले पूर्णता पाउँछ भन्ने सामाजिक मान्यताले पनि यस जातिमा बिवाहलाई महत्व दिइन्छ ।

**(ङ) मृत्यु**

जीवनको अन्तिम लिला मृत्यु संस्कार हो । यहाँका ब्राह्मणहरुको घरमा मानिस मरेपछि छरछिमेक गाउँघरका मानिसहरुलाई बोलाएर सेतो कपडाले लासलाई बेरी बाँसमा राखेर घाटतिर लाने चलन छ । घाटमा लगेपछि लासलाई पोलेर नदीमा बगाउँने गरिन्छ । दाहसंस्कार सकेपछि सम्बन्धित मृतकका छोराहरुले घरमा आइ छुट्टै कोठामा बसेर 'कोरामा'

बस्ने गर्दछन् । मान्छे मरेपछि तेह्र दिनसम्म नुनहरु नखाइ जुठो बारिन्छ । मलामीहरुलाई छ महिना वा वर्ष दिनको कार्यमा भोजन गराईन्छ । बाबु आमाको मृत्यु भएमा वर्ष दिनसम्म वरखी बार्ने (अर्थात सेतो कपडा) लगाउने चलन छ ।

## ५.४ प्रमुख चाडपर्वहरु

### (क) दशैं पर्व

दशैं हिन्दुहरुको सबैभन्दा महत्वपूर्ण चाड हो । यहाँका सबैले दशैं मान्दछन् । दशैंमा विधि पूर्वक जमरा राख्ने, नवदुर्गाको पूजा गर्ने गरिन्छ । दशौं दिनमा रातो टिका र जमरा लगाई विजया दशमी मनाईन्छ । पूर्णिमाको अघिल्लो दिनसम्म टिका लगाई मान्यजनको हातबाट टिका र आशिर्वाद थाप्ने गरिन्छ ।

दशैंले मानिसहरुलाई एकिकृत गराउँदछ । विछोड भएका आफन्तहरु आ-आफ्नो घरमा फर्कन्छन् । भेटघाट, शुभकामना आदान प्रदानबाट सामाजिक सद्भाव कायम गर्न मद्धत पुग्दछ । मातृशक्तिको महिमा गाइएको यो पर्वले शक्तिको उपासना गर्न सिकाउँदछ । खेतीपातीको कार्य सकी फुर्सदको समयमा पर्ने भएकोले पनि यो पर्व प्रति मानिसहरुको सहभागिता बढी देखिन्छ ।

### (ख) तिहार पर्व

ब्राह्मणहरुको दोस्रो ठूलो चाड तिहार हो । यो कार्त्तिक कृष्ण त्रयोदशीदेखि कार्त्तिक शुक्ल द्वितीयासम्म पाँच दिन मनाईन्छ । यम पञ्चक भनेर चिनिने यो पर्वमा चराचुरुङ्गीको प्रतिक काग, सेवक जनावर कुकुर, पालन पोषणमा सहयोग पुऱ्याउने गाई र गोरुको पूजा गरी मनाईन्छ । पाँचौ दिन भाइटिका लगाईन्छ । यो अन्धकार हटाएर उज्यालो ल्याउने पर्व भएकोले दिपावली धुमधामसँग मनाईन्छ । यसले समाजमा सामाजिक सद्भाव कायम गराउने, पारिवारिक सम्बन्ध प्रगाढ बनाउने भएकोले यो पर्वलाई यहाँका मानिसहरु महत्वका साथ मनाउँने गर्दछन् ।

ब्राह्मणहरुको अन्य प्रमुख चाडपर्वहरुमा माघेसङ्क्रान्ति, कृष्णजन्माष्टमी, जनैपूर्णिमा, तीज लगायतका पर्वहरु रहेका छन् । हिन्दु धर्म संस्कृतिमा प्रशस्त चाडपर्वहरु मनाईने प्रचलन रहेको छ । प्रत्येक चाडपर्वहरुको सामाजिक, सांस्कृतिक र धार्मिक महत्व रहेको हुन्छ । माघेसङ्क्रान्तिले चिसो बाट बच्नको लागि सहयोग पुऱ्याउदछ भने कृष्णजन्माष्टमीले मानिसहरुलाई कृष्णका असल गुणहरुको अनुसरण गरी जीवनलाई सफल पार्न उत्प्रेरण प्रदान गर्दछ । जनैपूर्णिमालाई रक्षा बन्धन पनि भनिन्छ । यो पर्वमा ऋषिहरुको पूजा गरी

ज्ञानको सम्मान गरिन्छ । कृषि प्रधान समाजमा यस दिनमा टुसा उम्रिएको गेडागुडी मिसाएर क्वाँटी खाने चलन छ । यसले वर्षा समयको चिसो हटाउन पनि सहयोग गर्दछ ।

तीज हिन्दु नारीहरुको ठूलो पर्व मानिन्छ । यो पर्वमा महिलाहरु व्रत बसी श्रीमानको दीर्घ जीवनको कामना गर्दछन् भने शिवको पूजा गरी शक्तिको आराधना पनि गर्दछन् । महिलाहरुको पर्वको रुपमा मात्र नभइ यसले लैङ्गिक एकता र जागरण ल्याउन महत्वपूर्ण सहयोग पुऱ्याउँदछ ।

यहाँका मानिसहरु प्रत्येक वर्ष मंसिर पूर्णिमाको दिन कूल देवताको पूजा गर्दछन् । कूल पूजामा सबै दाजुभाइ परिवारको अनिवार्य सहभागिता हुने भएकोले भातृत्व प्रेम झल्किनुका साथै मजवुत एकता कायम हुन सहयोग पुग्दछ । त्यसैगरी मंसिर पूर्णिमा पछिको पञ्चमी तिथीमा प्रत्येक घरमा गोठपूजा गर्ने चलन रहेको छ ।  गोठ पूजा गर्नाले पशुहरुको उत्पादन राम्रो हुने अन्य जीव  जन्तुको भय कम हुने र रोगव्याधीको समस्या हटेर जाने विश्वास रहेको पाईन्छ । वायु पूजामा पनि यहाँका मानिसहरुको संलग्नता हुने रहेछ । प्रत्येक वर्षको श्रीपञ्चमीको दिनमा यो पूजा सम्पन्न गरिन्छ । वायु पूजाले अकालमा मरेका परिवारजनको मृत आत्मालाई शान्ति हुन्छ भन्ने विश्वास गरिन्छ । साथै परिवारको कुनै सदस्यको अकाल मृत्यु भएमा वायु बोलाएर भड्केको मानव आत्मालाई नियन्त्रण गरी सन्तुष्ट राख्न लगाउँने विश्वासका साथ यो पूजा सम्पन्न गरिन्छ ।

हिन्दु धर्म र संस्कृतिमा आधारित धेरै चाडपर्वहरु रहेका छन् ती सबै चाडपर्वहरुलाई यहाँका ब्राह्मणहरुले आफ्नो आर्थिक तथा सामाजिक हैसियत अनुसार मनाउँदै आएका छन् । यसले गर्दा ब्राह्मण समाजको सामाजिक एकता कायम राख्न सहयोग र सद्भावका साथ सामाजिक व्यवस्थालाई निरन्तरता दिन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

यहाँका मानिसहरुको सामाजिक संस्कारको अध्ययन गर्दा सामाजिक मूल्य मान्यतामा ठूलो परिवर्तन आएको देखिदैन । कतिपय संस्कारहरु पूरा गर्दा आर्थिक पक्षलाई ध्यान दिंदै कम खर्चमा मितव्ययी किसिमबाट पूरा गर्ने गरेको देखियो । विवाह संस्कारमा भने अरुको देखासेखी गरी केहीले बढी खर्च गर्ने गरेको पनि पाईयो । यो ग्रामिण ब्राह्मण वस्ती भएकाले पनि आफ्नो धर्म, संस्कृतिबाट निर्देशित संसकार र मूल्य मान्यतामा खासै परिवर्तन आएको देखिदैन ।

# अध्याय छ

# ब्राह्मण जातिको आर्थिक अवस्था

यस अध्यायमा ब्राह्मण जातिको आर्थिक अवस्थासँग सम्बन्धित तथ्यहरुलाई प्रस्तुत गरिएको छ । जस अन्तर्गत पेशागत अवस्था, जमिनको स्वामित्वको अवस्था, वार्षिक आम्दानी र खर्चको अवस्था, आम्दानीका स्रोतहरु, ऋणको अवस्था लगायतका तथ्यहरु समावेश गरिएको छ ।

## ६.१ पेशागत अवस्था

अध्ययनको निम्ति छनौट भएका उत्तरदाताहरुले जिविकोपार्जनको लागि गर्दै आएका कामलाई पेशागत अवस्थाको रुपमा लिइएको छ । छनौट उत्तरदाताहरुको पेशागत स्थितिलाई निम्नानुसार तालिका मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७**

**उत्तरदाताहरुको प्रमुख पेशागत स्थिति**

| क.सं. | प्रमुख पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | २८ | ७० |
| २ | नोकरी | ४ | १० |
| ३ | व्यापार | ३ | ७.५ |
| ४ | श्रमिक ज्यालादारी | ५ | १२.५ |
| **जम्मा** | | **४०** | **१००** |

स्रोतः- स्थलगत सर्वेक्षण २०६९

तालिका नं. ७ अनुसार छनौट उत्तरदाताहरुमा कृषि पेशामा संलग्नको संख्या २८ (७० प्रतिशत) रहेको छ । त्यसैगरी नोकरी गर्नेको संख्या ४ (१० प्रतिशत) रहेको छ । व्यापार गर्नेको संख्या ३ (७.५ प्रतिशत) र श्रमिक ज्यालादारीको रुपमा काम गर्ने ५ जना (१२.५ प्रतिशत) अध्ययनको क्रममा जग्गा जमिन हुनेहरु पूर्ण रुपमा कृषि पेशामा संलग्न रहेको पाइयो भने जग्गा जमिन कम हुने र नहुनेहरुले श्रमिक ज्यालादारीको रुपमा काम गर्ने गरेको पाइयो । कृषि पेशामा आएको परिवर्तनसँगै परम्परागत कृषि औजारको सट्टामा आधुनिक औजारहरुको प्रयोगको शुरुवात भएको देखिन्छ । कृषि पेशामा संलग्न २८ घरधुरी मध्ये ३ घरधुरीले ट्रयाक्टर खरिद गरी व्यवसायिक रुपमा खेतबारीको जोतखनमा त्यसको

प्रयोग गरेको पाईयो । यसका साथै सिंचाईमा पानी तान्ने पम्पको प्रयोग पनि बढ्दै गएको देखिन्छ । यसले बिस्तारै कृषि पेशामा पनि आधुकिकीकरणको प्रभाव परेको देखिन्छ ।

### ६.२ भू-स्वामित्वको अवस्था

यस अध्ययनमा छनौटमा परेका उत्तरदाताहरुको घरपरिवारको नाममा रहेको जग्गा जमिनको क्षेत्रफललाई भू-स्वामित्वको रुपमा लिइएको छ । छनौट गरिएका घरपरिवारको नाममा रहेको खेतबारी पाखो र घडेरी सबैलाई एकमुष्ट रोपनीमा तलको तालिका मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८**

**छनौट घरपरिवारका भू-स्वामित्वको विवरण**

| क.सं. | जग्गा जमिन (रोपनीमा) | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-५ | ९ | २२.५० |
| २ | ६-१५ | २१ | ५२.५० |
| ३ | १६-२० | ६ | १५.०० |
| ४ | २१ वर्ष भन्दा माथि | ४ | १० |
| **जम्मा** | | **४०** | **१००** |

स्रोतः- स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका अनुसार छनौट घरपरिवारमा ०-५ रोपनी सम्म जग्गा हुनेको संख्या ९ ( २२.५० प्रतिशत) रहेको छ । ६-१५ रोपनीसम्म जग्गा हुनेको संख्या ५२.५० प्रतिशत रहेको छ भने १६-२० रोपनी जग्गा हुने परिवार १५ प्रतिशत मात्र रहेको छ । त्यसैगरी २१ रोपनी भन्दा माथि जग्गा हुनेको संख्या १० प्रतिशत रहेको छ ।

### ६.३ खाद्यान्न पर्याप्तता

कति खाद्यान्न उत्पादनले प्रति परिवार संख्यालाई खान पुग्छ भन्ने कुरा परिवारको आकारमा र खाद्यान्न उत्पादन परिमाणमा निर्भर गर्दछ । खाद्यान्न पर्याप्तता भन्नाले उत्तरदाताको जमिनबाट उत्पादित खाद्यान्नले खान पुग्ने नपुग्ने अवस्थाको विवरण हो । अध्ययनका क्रममा तपाई.को जमिनबाट उत्पादित अन्नबालीले कति समयसम्म खान पुग्दछ भन्ने प्रश्नमा जवाफ निम्नानुसार पाइयो । जसलाई तलको तालिका मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९**

**खाद्यान्नको पर्याप्तता विवरण**

| क्र.सं. | खान पुग्ने महिना | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३ महिना सम्म | ८ | २० |
| २ | ४-६ महिना सम्म | १३ | ३२.५ |
| ३ | ८-११ महिना सम्म | ९ | २२.५ |
| ४ | १२ महिना भन्दा माथि | १० | २५ |
| **जम्मा** | | **४०** | **१००** |

स्रोतः- स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका अनुसार आफ्नो जमिनमा उत्पादित खाद्यान्नले ०-३ महिना सम्म खान पुग्नेको संख्या २० प्रतिशत रहेको छ । त्यस्तै ४-७ महिना सम्म खान पुग्ने परिवार संख्या ३२.५ प्रतिशत रहेको छ भने ८-११ महिना सम्म उत्पादित खाद्यान्नले खान पुग्ने घर संख्या २२.५ प्रतिशत छ । त्यसैगरी १२ महिना भन्दा बढी खान पुग्नेको संख्या २५ प्रतिशत छ । अध्ययनको क्रममा खाद्यान्न अपर्याप्त हुने घर परिवारले वैकल्पिक कार्यहरु ज्यालादारी लगायतका कार्य गरी खाद्यान्न पूर्ति गर्ने गरेको पाइयो ।

### ६.४ आम्दानीका श्रोतहरु

**कृषिः-** यस अध्ययन क्षेत्रका बासिन्दाहरुको मुख्य आम्दानीको स्रोत कृषि नै रहेको छ । कृषि पेशामा यहाँका अधिकांश मानिस संलग्न रहेका छन् । नोकरी, व्यापार, ज्याला मजदुरीमा भने कम मात्रामा संलग्न रहेको पाइएको छ । यहाँको खेती प्रणाली पनि जीवन निर्वाहको खेती प्रणाली रहेको छ । केही मानिसहरुले बेमौसमी बालीनाली लगाएर पनि आम्दानी गरेको पाइयो । कृषिमा बिस्तारै आधुनिक प्रविधिको प्रयोग भित्रिन थालेको देखिन्छ । हाते ट्रयाक्टरको प्रयोगले गोरु जोत्ने कार्यलाई विस्थापित गर्दैछ । यहाँका कृषकहरुले मुख्य बालीको रुपमा मकै, धान, गहुँ, कोदो लगाउँदछन् भने अन्य नगदे बालीहरुमा काउली, बन्दा, अदुवा, तोरी लगायत थोरथोर मात्रामा लगाउने गर्दछन् ।

**पशुपालनः-** अन्नबाली बाहेक आम्दानीको एउटा महत्वपूर्ण स्रोत पशुपालन पनि हो । यहाँका कृषकहरुले विशेषगरी गाई, भैंसी, बाखा, कुखुरा पाल्ने गर्दछन् । यसर्थ पशुपालन यहाँको एउटा महत्वपूर्ण व्यवसायको रुपमा रहेको छ ।

**ज्यालादारी श्रमिकः-** यस अध्ययन क्षेत्रका मानिसहरुको अर्को पेशा ज्यालादारी पनि हो । आफ्नो जग्गाबाट उत्पादन कम हुने हुँदा खाद्यान्न पूर्तिको लागि एकथरी श्रमिक काम गर्दछन् भने एकथरी नगद आम्दानी गर्नको निम्ति आफ्नो कृषि कार्यबाट फुर्सद भएको समयमा ज्यालादारी श्रमिकको रुपमा काम गर्दछन् । अर्को तर्फ बढी आम्दानी गर्नका लागि वैदेशिक रोजगारीमा जाने कार्यको पनि सुरुवात भएको देखिन्छ । केही युवाहरु खाडी मुलुकहरुमा श्रमिकको रुपमा कार्यरत रहेका छन् । वैदेशिक रोजगारी युवा पुस्ताको लागि आकर्षणको केन्द्र बन्दै जान थालेको छ ।

## ६.५ वार्षिक आम्दानी र खर्चको अवस्था

अध्ययनको क्रममा छनौट घर परिवारले वर्ष भरिमा विभिन्न पेशा व्यवसायबाट जस्तै कृषि, पशुपालन, व्यापार, नोकरी, ज्यालादारी आदिबाट गरेको आम्दानीलाई एकमुष्ट राखेर वार्षिक आम्दानीको रुपमा तलको तालिका मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०**

**वार्षिक आम्दानी विवरण**

| क्र.सं. | आम्दानी रु. हजारमा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-२० | ४ | १०.०० |
| २ | २१-४० | ६ | १५.०० |
| ३ | ४१-६० | १३ | ३२.५ |
| ४ | ६१-८० | ७ | १७.५ |
| ५ | ८१-१०० | ६ | १५.०० |
| ६ | १०१ भन्दा माथि | ४ | १०.०० |
| **जम्मा** | | **४०** | **१००** |

स्रोतः- स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका अनुसार छनौट घर परिवारको वार्षिक आम्दानीलाई हेर्दा ०-२० हजार सम्म वार्षिक आम्दानी हुने घर संख्या १० प्रतिशत रहेको छ । त्यसैगरी २१-४० हजार सम्म वार्षिक आम्दानी हुने घर परिवार संख्या १५ प्रतिशत छ । ४१-६० हजार सम्म आम्दानी हुने घर परिवार संख्या ३२.५ प्रतिशत रहेको छ । ६१-८० हजार सम्म आम्दानी हुने घर परिवार १७.५ प्रतिशत रहेको छ भने ८१-१०० हजार सम्म वार्षिक आम्दानी गर्ने घर परिवार

संख्या १५ प्रतिशत रहेको छ । १०१ हजार भन्दा माथि वार्षिक आम्दानी गर्ने घर संख्या १० प्रतिशत रहेको छ ।

छनौट गरिएका घर परिवारको विभिन्न शिर्षकहरुमा हुने वार्षिक खर्चलाई विभिन्न तालिका मार्फत तल प्रस्तुत गरिएको छ । छनौट घर परिवारले उत्पादन कम भएर अथवा जमिनको कमिले खान नपुग्ने परिवारले अन्न किनेर खानुपर्छ । नपुग खाद्यान्न किन्न गरिने वार्षिक खर्चको विवरण तलको तालिका मार्फत प्रस्तुत गरिएको छ ।

### ६.५.१ खाद्यान्नमा हुने वार्षिक खर्च

यहाँका मानिसहरुले वाषिक रुपमा खाद्यान्नमा गर्ने खर्चलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११**

**खाद्यान्नमा हुने वार्षिक खर्चको विवरण**

| क्र.सं. | खर्च रु. हजारमा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-५ | ७ | ३३.५८ |
| २ | ६-१० | ५ | २३.८० |
| ३ | ११-१५ | ९ | ४२.८० |
| **जम्मा** | | **२१** | **१००** |

स्रोतः- स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका अनुसार छनौट घर परिवारमा खाद्यान्नको लागि ०-५ हजार सम्म वार्षिक खर्च गर्ने घर संख्या ३३.५८ प्रतिशत छ । त्यस्तै वार्षिक ६-१० हजार सम्म खाद्यान्नको लागि खर्च गर्ने घर परिवार संख्या २३.८० प्रतिशत रहेको छ । खाद्यान्नको लागि ११-१५ हजार सम्म खर्च गर्ने संख्या ४२.८० प्रतिशत रहेको छ ।

### ६.५.२ लत्ता कपडामा हुने वार्षिक खर्च

यहाँका मानिसहरुले वार्षिक रुपमा लत्ता कपडामा गर्ने खर्चलाई निम्न बमोजिम तलको तालिकामा देखाईएको छ ।

**तालिका नं. १२**

**लत्ता कपडामा हुने वार्षिक खर्चको विवरण**

| क.सं. | खर्च रु. हजारमा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-५ | १७ | ४२.५ |
| २ | ६-१० | ६ | १५.०० |
| ३ | ११-१५ | ७ | १७.५ |
| ४ | १६ भन्दा माथि | १० | २५.०० |
| **जम्मा** | | **४०** | **१००** |

स्रोतः- स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका अनुसार छनौट घर परिवारको वार्षिक ०-५ हजार सम्म लत्ता कपडाको लागि खर्च गर्ने घर संख्या ४२.५ प्रतिशत रहेको छ । त्यसैगरी ६-१० हजार सम्म वार्षिक लत्ता कपडाको लागि खर्च हुने घर संख्या १५.०० प्रतिशत रहेको छ भने ११-१५ हजार सम्म लत्ता कपडामा खर्च हुने घर परिवार संख्या १७.५ प्रतिशत छ र १६ हजार भन्दा माथि खर्च गर्ने घर परिवार संख्या २५ प्रतिशत रहेको छ ।

छनौट उत्तरदाताको घर परिवारले औषधोपचारमा गर्ने वार्षिक खर्च विवरण यस प्रकार रहेको छ । जसलाई तलको तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ६.५.३ औषधि उपचारमा हुने वार्षिक खर्च

यहाँका मानिसहरुले वार्षिक रुपमा औषधि उपचारमा गर्ने खर्चलाई निम्न बमोजिम तलको तालिकामा देखाईएको छ ।

**तालिका नं. १३**

औषधोपचारमा हुने वार्षिक खर्चको विवरण

| क.सं. | खर्च विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-३००० | ११ | २७.५ |
| २ | ४०००-६००० | ८ | २०.०० |
| ३ | ७०००-९००० | १७ | ४२.५ |
| ४ | १०००० भन्दा माथि | ४ | १०.०० |
| **जम्मा** | | **४०** | **१००** |

स्रोतः- स्थलगत सर्वेक्षण २०६९

प्रस्तुत तालिका अनुसार औषधोपचारमा वार्षिक ०-३००० सम्म खर्च गर्ने घर संख्या २७.५ प्रतिशत रहेको छ । त्यसैगरी वार्षिक ४०००-६००० सम्म औषधोपचारमा खर्च गर्ने घर परिवार संख्या २०.०० रहेको छ । ७०००-९००० सम्म खर्च गर्ने परिवार संख्या ४२.५ प्रतिशत छ भने १०००० भन्दा माथि खर्च गर्ने परिवार संख्या १० प्रतिशत मात्र रहेको देखिन्छ । औषधी उपचारमा हुने खर्च सरदर खर्चको आधारमा उल्लेख गरिएको छ । यो उपचार खर्च सामान्य रोगको उपचारमा हुने खर्चमा आधारित छ । कुनै ठूलो र कडा रोग लागेमा हुन सक्ने खर्च निकै धेरै मात्रामा हुने हुनाले त्यसको उल्लेख गरिएको छैन । अध्ययनको क्रममा रोग र अस्पतालको स्तर हेरेर खर्च घटबढ हुने कुरामा उत्तरदाताहरु पनि सहमत रहेको पाइयो ।

उत्तरदाताहरुको घर परिवारले वार्षिक शिक्षामा गर्ने खर्चको विवरणलाई तलको तालिका मार्फत प्रस्तुत गरिएको छ ।

### ६.५.४ शिक्षामा हुने वार्षिक खर्च

यहाँका मानिसहरुले वार्षिक रुपमा शिक्षामा गर्ने खर्चलाई निम्न बमोजिम तलको तालिकामा देखाईएको छ ।

**तालिका नं. १४**

शिक्षामा हुने वार्षिक खर्चको विवरण

| क्र.सं. | खर्च विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-५००० | ९ | २२.५ |
| २ | ६०००-१०००० | ११ | २७.५ |
| ३ | ११०००-१५००० | ८ | २०.०० |
| ४ | १५००० भन्दा माथि | १२ | ३०.०० |
| **जम्मा** | | **४०** | **१००** |

स्रोतः- स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका अनुसार शिक्षामा वार्षिक ०-५००० सम्म खर्च हुने घर संख्या २२.५ प्रतिशत रहेको छ । त्यसैगरी ६०००-१०००० सम्म खर्च गर्ने परिवार संख्या २७.५ प्रतिशत छ । ११०००-१५००० सम्म शिक्षामा खर्च गर्ने परिवार संख्या २० प्रतिशत रहेको छ । १६ हजार भन्दा माथि शिक्षामा खर्च गर्ने परिवार संख्या ३० प्रतिशत रहेको छ । शिक्षामा लगानी गर्ने घरपरिवार संख्यामा बृद्धि हुँदै गएको देखिन्छ । यसले साक्षरता प्रतिशतमा

बृद्धिमा सहयोग पुऱ्याएको देखिन्छ । शैक्षिक स्थितिको सुधारले परम्परागत कृषि कार्यमा पनि सुधार भई आर्थिक क्षेत्रको विकासमा पनि सहयोग पुगेको देखिन्छ । यसबाट शिक्षामा खर्च गर्ने प्रवृत्तिमा क्रमशः बृद्धि भइरहेको देखिन्छ ।

### ६.६ ऋणको अवस्था

जीवन यापनको क्रममा आउने विभिन्न उतारचढावले ल्याउने समस्या समाधान गर्नको लागि आवश्यक पर्ने खर्च व्यवस्थापनको लागि नेपाली समाजमा ऋण लिने प्रचलन रहेको छ । खास गरी ऋण खाद्यान्नको कमी, व्यापार व्यवसाय गर्न, सामाजिक कार्यहरु सम्पन्न गर्न लिने गरिन्छ । ब्राह्मण समुदाय पनि ऋण लिनुपर्ने अवस्थाबाट मुक्त भने छैन । ऋण लिए नलिएको सम्बन्धमा गरिएको प्रश्नमा प्राप्त जवाफलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५**

**ऋण लिए नलिएको विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ऋण लिने परिवार | २१ | ५२.५ |
| २ | ऋण नलिने परिवार | १९ | ४७.५ |
| **जम्मा** | | **४०** | **१००** |

स्रोतः- स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका अनुसार ऋण लिने परिवार संख्या ५२.५० प्रतिशत रहेको छ भने ऋण नलिने घर परिवार संख्या ४७.५ प्रतिशत रहेको छ । पहिलेको तुलनामा ऋण लिने घर परिवार संख्या क्रमशः घट्दै गएको देखिन्छ । विशेषत बेमौसमी तरकारी खेती गर्नाले ऋणीहरुको संख्या कम हुँदै गएको छ । यहाँका मानिसहरु ऋण लिएर तरकारी खेती, पशुपालन र कुखुरा पालन जस्ता कार्यहर गर्दछन् यसले गर्दा मानिसहरुको आर्थिक स्थितिमा सुधार हुँदै गएको देखिन्छ । ऋण लिनुभन्दा अगाडि यहाँका मानिसहरुको आर्थिक अवस्था कमजोर रहेको थियो भने ऋण लिएर व्यवसाय गरेपछिको आर्थिक अवस्थामा सकारात्मक परिवर्तन भएको देखिन्छ । कतिपयले शैक्षिक विकासमा पनि ऋण लिएको रकम खर्च गरेको देखिन्छ । यसले समाजको आर्थिक तथा सामाजिक विकासमा सकारात्मक प्रभाव पार्दै गएको देखिन्छ ।

ऋण लिने स्रोतको बारेमा तलको तालिका मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका नं. १६**

**ऋण लिने स्रोतको विवरण**

| क.सं. | स्रोत विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बैङ्क | ४ | १९.५ |
| २ | स्थानीय सहकारी | १३ | ६१.९० |
| ३ | साहु महाजन | ४ | १९.५ |
| **जम्मा** | | **२१** | **१००** |

स्रोतः- स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका अनुसार बैङ्कबाट ऋण लिने घर परिवार संख्या १९.५ प्रतिशत रहेको छ भने स्थानीय सहकारीबाट ऋण लिनेको संख्या ६१.९० प्रतिशत रहेको छ । त्यसै गरी साहु महाजनबाट ऋण लिने परिवार संख्या १९.५ रहेको छ । स्थानीय सहकारी संस्थाहरुबाट व्यक्तिहरुले ऋण कारोबार सरल र सहज तरिकाबाट गर्न सकेको देखिन्छ ।

### ६.७ बसाइसराईको अवस्था

प्राचिन कालदेखि नेपालको पश्चिम पहाडी क्षेत्रमा बसोबास गर्दै आएका आर्य सम्प्रदायका ब्राह्मणहरु मध्ये दाहाल पनि एक हो । दाहालहरु कसरी भए भन्ने सन्दर्भमा खोजी गर्दा दैलेख जिल्लाको दहगाउँ भन्ने ठाउँमा बसोबास गर्ने भएकाले त्यहाँ बस्ने ब्राह्मणहरुलाई दाहाल भनिएको हो भन्ने भनाइ रहेको छ । दैलेखबाट काभ्रेपलाञ्चोक जिल्लाको नाला भन्ने ठाउँमा विर्ताको रुपमा जग्गा प्राप्त गरी उनीहरुको बसोबास भएको देखिन्छ । नालाबाट नै मध्ये तथा पूर्वि भागहरुमा यिनीहरु छरिएर बसोबास गर्न पुगेका छन् । नालामा रहेका दाहालहरु सबै जैसी ब्राह्मण हुन् । नालामा बस्दा कृषि र पशुपालन व्यवसाय गर्न साँघुरो भएकाले पहिले गोठको रुपमा र पछि स्थायी बसोबासको लागि आजभन्दा करिव १०० वर्ष अगाडी मात्र अनैकोटको माथिल्लो भागमा उनीहरुको वस्ती बसेको देखिन्छ । शुरुमा दुई भाइ दाहालहरु आएकोमा अहिले उनीहरुका सन्तान ४० घरधुरी रहेका छन् । कृषि र पशुपालनका लागि आवश्यक खाली ठाउँ खोज्ने क्रममा नालाबाट उनीहरु अनैकोट आएका कुरा यहाँका बुढापाकाहरुको भनाइ रहेको छ । यसबाट आफ्नो आवश्यकता पूरा गर्न एक ठाउँबाट अन्यत्र सरेर बसोबास गर्ने क्रममा दाहालहरु धेरै ठाउँमा छरिएका देखिन्छन् ।

दाहालहरुको गोत्र वश्य हो । यिनीहरुको सगोत्रीहरुमा लम्साल, राणा, कुँवर र रुपाखेती रहेका छन् । यिनीहरुको मुख्य पेशा कृषि भएकोले आर्थिक पक्ष पनि कृषि र पशुपालनसँग जोडिएको छ अन्य आर्थिक क्षेत्रहरु व्यापार र उद्योगमा ७.५% र नोकरीमा १०% मानिसहरुको संलग्नताले व्यापार, उद्योग र नोकरी आदिमा यिनीहरुको पहुँच ज्यादै कम देखिन्छ । कृषिमा आधारित आर्थिक संरचनाले गर्दा सामाजिक तथा सांस्कृतिक क्षेत्रमा पनि यसले महत्वपूर्ण प्रभाव पारेको देखिन्छ । आर्थिक अवस्था अनुरुप घरको निर्माण, सामाजिक कार्यहरुमा संलग्नता तथा अन्य संस्कारहरु पूरा गर्ने क्रममा पनि यिनीहरुको आफ्नै ग्रामिण परम्परा रहेको देखिन्छ ।

# अध्याय सात
# सारांश, निष्कर्ष र सुझावहरु

## ७.१ सारांश

काभ्रेपलाञ्चोक जिल्लाको अनैकोट गा.वि.स. वडा नं. १ दाहाल गाउँमा बसोबास गर्ने ब्राह्मण जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको समाजशास्त्रीय अध्ययनसँग सम्बन्धित छ । ब्राह्मण जातिहरु नेपालका प्रायः सबै क्षेत्रहरुमा छरिएर बसोबास गरेको पाइन्छ । ब्राह्मणहरुलाई नेपालको प्राचिन बासिन्दा मानिन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार ब्राह्मणहरुको कूल जनसंख्या ३२,२६,९०३ रहेको छ ।

यस अध्ययनको मुख्य उद्देश्यहरु यस अनैकोट गा.वि.स. वडा नं. १ दाहाल गाउँमा बसोबास गर्ने ब्राह्मण जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था कस्तो रहेको छ भन्ने पत्ता लगाउनु रहेको छ । यसरी नै यस अध्ययनमा यस स्थानमा ब्राह्मणहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक स्वरुप कस्तो छ भन्ने बारेमा प्रकाश पारिएको छ । यो अध्ययन वर्णनात्मक अध्ययन हो । यसै गरी यस अध्ययनको सन्दर्भ सामग्रीको रुपमा पूर्व प्रकाशित वा अप्रकाशित दुवै कृतिहरुको समीक्षा गरिएको छ । तथ्याङ्क प्राथमिक र द्वितीय दुवै स्रोतबाट सङ्कलन गरी प्रस्तुत गरिएको छ । यस अध्ययनको लागि तथ्याङ्क सङ्कलन गर्दा अवलोकन, अर्ध संरचनात्मक अन्तरवार्ता तथा मुख्य व्यक्तिसँगको अन्तरवार्ता आदि रहेका छन् ।

यस अध्ययनको निम्ति छनौट गरिएका ४० घर परिवारमा पुरुषको संख्या ८३ र महिलाको संख्या ९२ रहेका छन् । यस अध्ययनमा छनौट घर परिवारमा अशिक्षित भन्दा शिक्षित धेरै रहेका छन् । जस अन्तर्गत अध्ययन गरिएको ४० घर परिवारमा १७५ जनसंख्या रहेकोमा पाँच वर्ष भन्दा माथिका जम्मा २५ जना मात्र निरक्षर रहेका छन् । यस अध्ययन क्षेत्रका अधिकांश मानिस कृषि पेशामा संलग्न रहेका छन् । व्यापार र नोकरीमा भने कमै मात्र मानिसको सहभागिता रहेको पाईन्छ । व्यापार गर्नेको संख्या ७.५ प्रतिशत रहेको छ भने नोकरी गर्नेको संख्या १० प्रतिशत मात्र रहेको छ । त्यसैगरी श्रमिक ज्यालादारीको रुपमा कार्य गर्नेको संख्या १२.५० प्रतिशत रहेको छ ।

आम्दानीका मुख्य स्रोतहरुमा कृषि, पशुपालन, ज्यालादारी, व्यापार आदि रहेको छ । यस स्थानका ब्राह्मण जातिका मानिसहरुको आर्थिक अवस्था सामान्य रहेको देखिन्छ । सिमित घर परिवार मात्र सम्पन्न परिवार रहेको पाइयो । परम्परागत कृषि र भिरालो पाखो

बारी बढी भएकोले यहाँका मानिसहरुको आर्थिक अवस्था बलियो बन्न सकेको देखिदैन । विभिन्न आर्थिक, सामाजिक समस्याहरु समाधानको निम्ति ब्राह्मण समाजमा पनि ऋण लिने प्रचलन रहेको छ । यिनीहरु ऋण लिंदा बैङ्कबाट भन्दा स्थानीय सहकारी संस्थाहरुबाट सजिलो मान्दछन् ।

यस अध्ययन क्षेत्रका बासिन्दाहरुलाई आफ्नो खेतीको उत्पादनबाट पर्याप्त खाद्यान्न उपलब्ध हुन सकेको छैन । वर्ष दिनसम्म आफ्नो जमिनको उत्पादनबाट खान पुग्ने परिवार संख्या ४७.५० प्रतिशत मात्र रहेको छ । यहाँका बासिन्दामा संयुक्त परिवार भन्दा एकात्मक परिवारमा बढी लगाव रहेको पाइयो । अध्ययन गरिएको ४० घर परिवारमा ९५ प्रतिशत एकात्मक परिवार रहेको छ ।

यस अध्ययन क्षेत्रमा बसोबास गर्ने घर परिवारमा आफ्नो विभिन्न आवश्यकता पूरा गर्न ऋण लिने घर संख्या ५२.५० प्रतिशत रहेको छ भने ऋण नलिनेको संख्या ४७.५० प्रतिशत रहेको छ । त्यसैगरी अधिकांश घर परिवारले स्थानीय सहकारीबाट ऋण लिने गरेका छन् । सहकारीबाट ऋण लिनेको संख्या ६१.९० प्रतिशत रहेको छ भने बैङ्कबाट ऋण लिने १९.५ प्रतिशत रहेको पाइयो । साहु महाजनबाट ऋण लिने पनि १९.५ प्रतिशत रहेको छ ।

यहाँका ब्राह्मण समुदायमा धामी झाक्री भन्दा स्वास्थ्य चौकीमा उपचार गराउने प्रचलन रहेको पाइयो । खानेपानीको अवस्था सुधारन्मूख रहेको छ । शौचालयको उपलब्धता प्रायः सबैमा रहेको देखिन्छ । यहाँ सामाजिक कार्य गर्दा गाउँमा एउटा गुठी रहेको देखिन्छ । यस गुठीमा ब्राह्मण लगायत अन्य जातिका मानिसहरु पनि समावेश रहेको देखिन्छ ।
ब्राह्मण समुदायको आर्थिक अवस्था अन्य जातिको भन्दा केही राम्रो देखिएता पनि सन्तोषजनक हुन सकेको देखिदैन । यस क्षेत्रका ब्राह्मणहरुमा आधुनिक संस्कृतिको प्रभाव बिस्तारै बढ्दै गएको देखिन्छ ।

## ७.२ निष्कर्ष

ग्रामिणक्षेत्रका ब्राह्मण जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको अध्ययनको अन्त्यमा निम्न निष्कर्षमा पुग्न सकिन्छ ।

(क) ब्राह्मण जाति नेपालको पुरानो जाति हो ।

(ख) ब्राह्मण जाति नेपालको प्रायः सबै भागहरुमा छरिएर बसोबास गरेको देखिन्छ ।

(ग) ब्राह्मण जाति आर्य मूलको मानिन्छ ।

(घ) ब्राह्मण जातिको आफ्नै मातृभाषा खस (नेपाली) रहेको छ । यिनीहरु अन्य भाषाबाट कम  प्रभावित रहेको देखिन्छ ।

(ङ) ब्राह्मण जाति परिश्रमी, सरल र चतुर प्रकृतिका देखिन्छन् ।

(च) ब्राह्मण जातिको आफ्नै रहन सहन, भेषभूषा, चाडपर्व विभिन्न सांस्कृतिक परम्परा रहेको  पाइन्छ ।

(छ) ब्राह्मणहरुको सामाजिक संस्कारहरु हिन्दु धर्म संस्कृतिबाट निर्देशित रहेका छन् ।

(ज) ब्राह्मणहरुको मुख्य पेशा कृषि भएतापनि उत्पादन कम हुने कारणले गर्दा सहायक पेशाको रुपमा जागिर, ज्याला मजदुरी, व्यापार व्यवसाय र अन्य पेशा गर्ने गरेको देखिन्छ । वैदेशिक रोजगारी तर्फ पनि आकर्षण बढ्दै गएको देखिन्छ ।

(झ) यस जातिमा आधुनिकीकरणको प्रभाव बढ्दै गएको देखिन्छ । शिक्षा, स्वास्थ्य तथा रोजगारीका क्षेत्रमा नयाँ पुस्ताको संलग्नता बढेको देखिन्छ ।

(ञ) अध्ययन क्षेत्रका ब्राह्मण जातिमा राजनैतिक चेतना स्तर बढ्दै गएको देखिन्छ ।

### ७.३ सुझावहरु

नेपाल विभिन्न जनजातिहरुको साझा फूलबारीको साथै विभिन्न संस्कृतिहरुको उत्पत्ति स्थान पनि हो विभिन्न जनजातिहरुको आफ्नै मौलिक किसिमका संस्कृति र सभ्यतालाई बचाउनु पर्ने भएको छ । नेपाल भन्नु नै सम्पूर्ण जातजातिको समष्टि रुप पनि हो । प्रत्येक जातजातिको संरक्षण र सम्बर्द्धन भयो भने मात्र नेपाली संसकृति फस्टाउन सक्छ ।

नेपाली समाजको वस्तुस्थिति सामाजिक एवं सांस्कृतिक अन्तर सम्बन्धलाई बुझ्न यहाँका सम्पूर्ण जातजातिहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षको ज्ञान हुनु अति आवश्यक हुन्छ । यस अनैकोट गा.वि.स. वडा नं. १ मा पर्ने दाहाल गाउँमा बसेका ब्राह्मण समुदायको आफ्नै किसिमको जीवन पद्धति रहेको छ । भौगोलिक कारणले यस स्थान पहाडी भिरालो क्षेत्रमा पर्ने हुँदा उब्जनीमा कमी रहेको छ । परम्परागत कृषि प्रणालीले पनि उत्पादन कम गरिरहेको छ ।

यस क्षेत्रका ब्राह्मण समुदाय शिक्षा क्षेत्रमा सोचे अनुरुप अगाडि बढ्न सकेका देखिदैनन् । यस क्षेत्रमा स्वास्थ्य सुविधा पनि पर्याप्त रहेको देखिदैन । स्वास्थ्य तथा शिक्षा क्षेत्रमा काम गर्ने विभिन्न किसिमका गैर सरकारी संस्थाको महत्वपूर्ण योगदानको आवश्यकता रहेको छ । यसरी यस ब्राह्मण समुदायलाई अझ व्यवस्थित बनाउन निम्न लिखित कार्यक्रमहरु सञ्चालन गर्न अति आवश्यक रहेको छ ।

(क) परम्परागत कृषि प्रणाली सुधार गरी वैज्ञानिक प्रणालीमा कृषि उत्पादन बढाउनु पर्ने भएको छ ।

(ख) ब्राह्मण जातिको परम्परागत तथा पेशागत संस्कृतिको जगेर्ना गर्न आवश्यकीय अध्ययन अनुसन्धान गरी जगेर्ना गर्नुपर्ने देखिन्छ ।

(ग) शिक्षाको विकासमा सबैको सहभागिताको लागि प्रोत्साहन गर्नुपर्छ ।

(घ) यस स्थानमा रहेका गरिबी निवारण गर्न विभिन्न किसिमका आयमूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएको छ । जसले गर्दा गरिबी निवारण गर्नमा सहयोग पुग्नेछ ।

(ङ) समुदायमा भएका बेरोजगार युवा शक्तिलाई विभिन्न किसिमका आयमूलक तालिम दिई उत्पादनकार्यमा लगाउनुपर्ने भएको छ ।

(च) सरकारी तर्फबाट मात्र पनि विकासको विविध क्षेत्रमा लगानी गर्न नसकिने हुँदा विभिन्न स्वास्थ्य, शिक्षा, भौतिक पूर्वाधार वातावरण जस्ता क्षेत्रमा कार्य गर्ने संस्थाहरुलाई त्यस क्षेत्रमा कार्य गर्न प्रोत्साहन गर्नु आवश्यक रहेको छ ।

(छ) महिलाहरुको शैक्षिक, आर्थिक तथा सामाजिक हैसियत बृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक रहेको छ ।

(ज) बढ्दो आधुनिकीकरणले परम्परागत भेषभूषा, चाडवाड तथा रहन सहनमा बढ्दो प्रभाव कम गर्न चेतना जगाउनु पर्दछ ।

(झ) भौगोलिक वातावरण सुहाउँदो फलफूल खेती, पशुपालन व्यवसाय प्रवर्द्धनका लागि आवश्यक प्राविधिक सर-सल्लाह गर्नु आवश्यक रहेको छ ।

(ञ) युवाहरुको इच्छा, चाहना तथा आवश्यकता अनुरुप सीपमूलक कार्यक्रमहरु तथा प्राविधिक तालिमको व्यवस्था गर्नु आवश्यक रहेको छ ।

## सन्दर्भ सामग्रीहरु


केन्द्रीय तथ्याङ्क विभाग (२०६८) जनसंख्या विवरण काठमाण्डौ, केन्द्रीय तथ्याङ्क विभाग

शर्मा, जनकलाल (२०३९) हाम्रो समाजः एक अध्ययन साझा प्रकाशन, ललितपुर

विष्ट, डोरबहादुर (२०३०) सबै जातको फूलबारी, साझा प्रकाशन, ललितपुर

खत्री, प्रेमबहादुर : नेपाली समाज र संस्कृति, साझा प्रकाशन, ललितपुर

दाहाल, शिवराज २०४४ (सं) : हिन्दु सामाजिक संगठनको प्रारुप, साझा प्रकाशन, ललितपुर

नेपाल प्रज्ञा प्रतिष्ठान (२०५२) नेपाल वृहत् शब्दकोश, काठमाण्डौ

## अन्तरवार्ताको लागि तयार पारिएको प्रश्नावली फारम

१. उत्तरदाताको नामः......................................

मितिः.........................घर संख्या धर्म..............................

शिक्षा.........................उमेर

लिङ्ग..............................

बैवाहिक स्थिति......................... घरको किसिम

..................................

२. विस्तृत पारिवारीक विवरण

| सि.नं. | नाम | लिङ्ग | | उमेर | शिक्षा (क) | बैवाहिक स्थिति (ख) | पेशा (ग) |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |
| १३ | | | | | | | |
| १४ | | | | | | | |
| १५ | | | | | | | |

**पुनश्चः**

(क) १. निरक्षर २. साक्षर ३. प्राथमिक ४. निम्न माध्यमिक

५. माध्यमिक ६. उच्च माध्यमिक ७. उच्च माध्यमिक माथि

(ख) १. अविवाहित २. विवाहित ३. विधवा/बिदुर ४. छुट्टै बसेको

(ग) १. कृषि २. व्यापार

३. नोकरी ४. समाजसेवा/राजनिती

५. श्रमिक ज्याला ६. अन्य भए................

१. यस समुदायमा के-के रोगहरु मुख्यतया लाग्ने गर्दछन् ?

क)...............................................(ख).................................................

(ग)...............................................(घ).................................................

(ङ)...............................................

२. बिरामी परेमा कहाँ उपचार गर्नुहुन्छ ?

(क) स्वास्थ्य चौकी ☐

(ख) अस्पताल ☐

(ग) औष्धी पसलमा गई बिरामी भनी औषधी खाने ☐

(घ) बैध उपचार ☐

(ङ) घरायसी उपचार ☐

(च) धामी/झाक्री ☐

३. तपाईंलाई परिवार नियोजन सम्बन्धमा जानकारी छ ?

४. यदि छ भने, के गर्नु भएको छ ?

(क) छ ☐ (ख) छैन ☐

५. छ भने कसले गरेको छ ?

(क) श्रीमान ☐ (ख) श्रीमती ☐

स्थायी/अस्थायी स्थायी/अस्थायी

६. परिवार नियोजन गर्नु भएको छैन भने किन नगर्नु भएको ?

..........................................................................................।

७. तपाईंले छोराछोरीलाई खोप/सुई दिनु भएको छ ?

(क) छ ☐ (ख) छैन ☐

८. छैन भने किन ?

.............................................................................................।

९. तपाईंहरुले बच्चालाई जन्मा दिनु भएको थियो ?

(क) पहिलो बच्चा घरमा ☐ स्वास्थ्य चौकीमा ☐ अस्पतालमा ☐

(ख) दोस्रो बच्चा घरमा ☐ स्वास्थ्य चौकीमा ☐ अस्पतालमा ☐

(ग) तेस्रो बच्चा घरमा ☐ स्वास्थ्य चौकीमा ☐ अस्पतालमा ☐

(घ) चौथो बच्चा घरमा ☐ स्वास्थ्य चौकीमा ☐ अस्पतालमा ☐

(ङ) पाँचौं बच्चा घरमा स्वास्थ्य चौकीमा अस्पतालमा

१०. अंशको बाँडफाँड कस-कसलाई र कुन प्रक्रियाद्वारा गरिन्छ ?

.............................................................................................
.............................................................................................
.............................................................................................

## (ख) सांस्कृतिक अवस्था

११. तपाईंका मुख्य चाडपर्वहरु के-के हुन् ? ती कहिले पर्दछन् र कसरी मनाइन्छ ?

.............................................................................................
.............................................................................................
.............................................................................................
.............................................................................................

१२. तपाईंहरुका प्रमुख देवी/देवताहरु कुन-कुन हुन् ? ती देवी/देवतालाई कसरी मान्नु/पूजा गर्नुहुन्छ ?

.............................................................................................
.............................................................................................
.............................................................................................
.............................................................................................

१३. तपाईंको जन्म संस्कार कसरी गर्नुहुन्छ ? बच्चाको नामाकरण कसले र कसरी गर्दछ ? तपाईंको परिवारमा बच्चा जन्मिँदा सुतक (जुठो) लाग्दछ ? यदि लाग्छ भने, कति दिनसम्म लाग्छ ?

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

१४. तपाईंको जीवनमा जन्म भन्दा बाहेक अन्य प्रमुख संस्कारहरु के-के हुन् ?

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

१५. तपाईंको समुदायमा कस्तो बिवाह प्रक्रियाहरु प्रचलनमा छन् ?

(क) मागी विवाह (ख) बहु विवाह

(ग) प्रेम विवाह (घ) अन्य

१६. तपाईंहरु विवाह संस्कार कसरी गर्नुहुन्छ ?

.......................................................................................................

.......................................................................................................

१७. मृत्यु संस्कार कसरी गर्नुहुन्छ ?

.......................................................................................................

.......................................................................................................

१८. तपाईंको समुदायमा कस्ता परम्परागत पूजा तथा अन्य संस्कारहरु प्रचलनमा छन् ?

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

१९. तपाइंको समाजमा रहेका परम्परागत रीतिरिवाज विश्वास/चलनहरु के-के हुन् ?

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

२०. नातेदारको सम्मान केले र कसरी गर्नुहुन्छ ?

.................................................................................................................
.................................................................................................................
.................................................................................................................
.................................................................................................................

२१. तपाईंहरुको दैनिक खानामा प्रयोग गरिने कुराहरु के-के हुन् ?

.................................................................................................................
.................................................................................................................
.................................................................................................................
.................................................................................................................

२२. दैनिक प्रयोगमा ल्याइने पोशाकहरु के-के हुन् ?

.................................................................................................................
.................................................................................................................
.................................................................................................................
.................................................................................................................

२३. कस्ता किसिमका गरगहनाहरु लगाउनुहुन्छ ?

.................................................................................................................
.................................................................................................................
.................................................................................................................
.................................................................................................................

२४. विभिन्न संस्कारहरु तथा पर्वमा प्रयोगमा ल्याइने बाजाहरु के-के हुन् ?

.................................................................................................................
.................................................................................................................
.................................................................................................................
.................................................................................................................

२५. तपाईंको समुदायमा कस्ता किसिमका नाच/गानहरु कुन-कुन अवसरमा नाचिन्छन्/गाइन्छन् ?

.................................................................................................................
.................................................................................................................
.................................................................................................................
.................................................................................................................

२६. परम्परागत चलनहरुमा कत्तिको परिवर्तन आएको छ ? के-के मा परिवर्तन भएको छ ?

.................................................................................................................
.................................................................................................................
.................................................................................................................
.................................................................................................................

२७. तपाईंहरुले प्रयोग गर्ने प्रमुख औजारहरु के-के हुन् र ती कुन-कुन प्रयोजनको निमित्त प्रयोग गरिन्छन् ?

..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................

## (ग) आर्थिक अवस्था

| क.सं. | जग्गाको प्रकार | जग्गा रोपनीमा | कैफियत |
|---|---|---|---|
| १ | निजी | | |
| २ | मोहियानी | | |
| ३ | अधिया | | |
| ४ | ऐलानी | | |
| ५ | अन्य | | |

२८. तपाईंको जग्गाबाट कुन-कुन प्रकारको अन्न उत्पादन हुन्छ ?

| क.सं. | अन्नको नाम | कूल उत्पादन | | खपत |
|---|---|---|---|---|
| १ | धान | | | खान/बेच्न/जाँड |
| २ | मकै | | | खान/बेच्न/जाँड |
| ३ | कोदो | | | खान/बेच्न/जाँड |
| ४ | आलु | | | खान/बेच्न/जाँड |
| ५ | फापर | | | खान/बेच्न/जाँड |
| ६ | गहुँ | | | खान/बेच्न/जाँड |
| ७ | जौ | | | खान/बेच्न/जाँड |
| ८ | अन्य | | | खान/बेच्न/जाँड |

२९. तपाईंले आफ्नो उत्पादनले खान पुगेर बेच्नु पनि हुन्छ ?

(क) हो ☐ (ख) होइन ☐

(ग) ज्यालादारी ☐ (घ) अन्य ☐

३०. तपाईंहरु कुन-कुन पशुहरु पाल्नुहुन्छ ?

| क्र.सं. | पशुको प्रकार | संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| जम्मा | | |

३१. तपाईंको परिवारमा खेतीको अलावा अन्य के-के आय स्रोतहरु छन् ?

| क्र.सं. | आय स्रोतको किसिम | मासिक | वार्षिक | कैफियत |
|---|---|---|---|---|
| १ | नोकरी | | | |
| २ | व्यापार | | | |
| ३ | ज्यालादारी | | | |
| ४ | अन्य | | | |

३२. तपाईंले कहींबाट ऋण लिनु भएको छ ?

(क) छ ☐ (ख) छैन ☐

यदि छ भने

३३. कहाँबाट लिनु भएको छ ?

(क) बैङ्क ☐ (ख) स्थानीय साहु महाजन ☐

(ग) आफन्त ☐ (घ) सहकारी संस्था ☐

३४. के प्रयोजनको लागि लिनु भएको हो ?

(क) उन्नत खेती गर्न ☐ (ख) पशुपालन गर्न ☐

(ग) घर निर्माणको लागि ☐ (घ) उपचार गर्न ☐

(ङ) छोराछोरी पढाउन ☐ (च) संस्कार गर्न/पर्व मनाउन ☐

३५. यस समुदायमा गैरसरकारी संघसंस्थाबाट विकासका कार्यक्रमहरु भएका छन् ?

NGO को नाम

| (क) कार्यक्रमहरु | (ख) कार्यक्रमहरु | (ग) कार्यक्रमहरु |
|---|---|---|
| (अ) | (अ) | (अ) |
| (आ) | (आ) | (आ) |
| (इ) | (इ) | (इ) |
| (ई) | (ई) | (ई) |

# अध्ययन क्षेत्रको नक्सा




काभ्रेपलाञ्चोक जिल्ला